## अध्याय एक

# शोध परिचय

## १.१ पृष्ठभूमि

सिर्जनात्मक साहित्यका विभिन्न विधा मध्ये निबन्ध एक प्रमुख विधा हो । साहित्यका श्रव्य र दृश्य भेद अन्तर्गत निबन्ध श्रव्य भेद अन्तर्गत पर्ने गद्य विधा हो । निबन्ध विधा विश्व साहित्यमा आधुनिक विधा मानिन्छ । पूर्वीय एवम् पाश्चात्य साहित्यमा यसको लामो परम्परा रहेको पाइन्छ ।

'निबन्ध' शब्द संस्कृत भाषाबाट नेपालीमा आएको तत्सम शब्द हो । संस्कृत भाषाको 'बन्ध' धातुमा 'घञ्' (अ) प्रत्यय लाग्दा 'बन्ध' शब्द बन्छ र त्यस 'बन्ध' शब्दमा 'नि' उपसर्ग लाग्दा निबन्ध शब्द बन्दछ । यसरी नि+ बन्ध+घञ् (आ) मिलेर बनेको 'निबन्ध' शब्दको व्युत्पत्ति मूलक अर्थ हुन्छ - राम्ररी बाँध्ने काम । निबन्ध शब्दले व्युत्पत्ति मूलक अर्थलाई जोडेर हेर्दा यसले जीवन जगतका कुनै विषयलाई सौन्दर्यपूर्ण गद्य भाषाका माध्यमबाट लघु आयाममा प्रकट गरेको साहित्यिक विधालाई बुझाउँछ ।

यसरी निबन्ध आत्म प्रकाशन अभिव्यक्त भएको व्यक्तिको आत्म प्रकाशन हो । यो साहित्यको स्वतन्त्र एवम् सिर्जनात्मक विधा हो । यो उन्मुक्त र स्वच्छन्द भए पनि आफैँमा पूर्ण विधा हुन्छ ।

स्वतन्त्र रूपमा लिखित विचारहरुलाई अभिव्यक्ति गर्न सक्ने क्षमताको विकास गर्न, क्रमिकताको अबलम्बन गर्न, प्रसङ्ग अनुसार भाषिक अभिव्यक्ति दिन, शब्द भण्डार क्षमताको वृद्धि गर्न र विद्यालय तहका विद्यार्थीहरुलाई लेखन सिपमा सक्षम बनाउनको लागि निबन्ध लेखनको आवश्यकता पर्दछ । आफूले सुनेका, देखेका तथा प्रत्यक्ष अनुभव गरेका विभिन्न विषय तथा घटनाहरुलाई विद्यार्थीको क्षमता अनुसार निर्देशन दिई सिलसिला र क्रम मिलाएर निबन्ध लेखन गराइन्छ (पौडेल, २०४० : ५७) । यसबाट लेखन सिपको विकास हुनुका साथै सिर्जनात्मक क्षमताको विकास गर्न सरल र प्रभावकारी भूमिका खेल्दछ ।

कुनै पनि व्यक्तिका मनमा उत्पन्न भएका भाव वा विचारहरुलाई सिलसिला मिलाई लेखिने स्वतन्त्र रचना नै निबन्ध लेखन हो । निबन्ध लेखन लेखन कला सिपको उच्च स्तरीय

सिप अन्तर्गत पर्दछ । विषय वस्तुलाई आदि मध्य र अन्त्यको ढाँचामा लेखिने सिप नै निबन्ध लेखन हो । विद्यार्थीहरुमा लेखन सिपको विकास गर्नको लागि यो कार्य महत्त्वपूर्ण मानिन्छ । तसर्थ दाङ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन गरी विद्यार्थीहरुको लेखन सिपको विकासमा यस कार्यले थप सहयोग पुग्ने देखिन्छ ।

## १.२ समस्या कथन

मानव विकासको सुरुवातसँगै सुरुमा सुनाइ र बोलाइबाट नै भाषाको आर्जन भए तापनि आफ्ना अभिव्यक्तिलाई स्थिरता र चिरस्थायी बनाउनको लागि लेखन सिपको आवश्यकता पर्दछ । व्यक्तिका मनमा गुम्सिएर रहेका विचारहरुलाई व्यक्त गर्ने महत्त्वपूर्ण माध्यम भनेको लेखाइ हो । लेखन कलाको समुचित विकास गर्न, शब्द भण्डार क्षमताको विकास गर्न र सिर्जनात्मक क्षमताको विकास गराउन निबन्ध लेखनको उच्च स्थान रहेको हुन्छ । लिखित अभिव्यक्ति दिने व्यक्तिका लेखोटमा देखा पर्ने शब्द प्रयोगगत, वाक्य संरचनागत, विचार सङ्गठन वा प्रस्तुतीकरण र सफाइगत त्रुटिहरु क्रमशः कम गर्दै लगेर तिनीहरुको निराकरण गरी अभिव्यक्तिलाई स्तरीय बनाउनको लागि विद्यार्थीहरुमा निबन्ध लेखनको अभ्यास गराउनु पर्दछ । यसै सन्दर्भमा माध्यमिक तहमा पुगेका विद्यार्थीहरुले निबन्ध लेखन सिपमा के-कति दक्षता प्राप्त गरेका छन् र उनीहरुले आफ्ना विचारहरुलाई के कति शृङ्खला बद्ध रूपमा अभिव्यक्त गर्न सक्दा रहेछन् र उनीहरुको सिर्जनात्मक क्षमता कस्तो छ भन्ने विषय यस अध्ययनको मुख्य समस्याका रूपमा रहेका छन् । दाङ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखनसँग सम्बन्धित समस्याहरुलाई निम्नानुसार देखाइएको छ :

क) दाङ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमता कस्तो रहेको छ ?

ख) स्थानीय आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन क्षमता कस्तो छ ?

ग) लैङ्गिकताका आधारमा उक्त तहमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमता कस्तो छ ?

## १.३ शोधकार्यको उद्‌देश्य

प्रस्तुत शोधकार्यका निम्न लिखित उद्‌देश्यहरु रहेका छन् :

क) दाङ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्‌यार्थीहरुको निबन्ध लेखन क्षमताको पहिचान गर्नु

ख) कक्षा नौमा अध्ययनरत विद्‌यार्थीहरुको विद्‌यालयको प्रकृतिका आधारमा निबन्ध लेखन क्षमताको स्थिति पहिल्याउनु

ग) कक्षा नौमा अध्ययनरत विद्‌यार्थीहरुको लैङ्गिकताका आधारमा निबन्ध लेखन क्षमताको स्थिति पहिल्याउनु ।

## १.४ शोधको सान्दर्भिकता र उपादेयता

मौखिक भाषाको दाँजोमा लिखित रूपलाई शैक्षिक गतिविधि तथा प्रशासनिक कामकाजमा बढी कार्यान्वयनमा ल्याइन्छ । मानवीय अनुभव तथा ज्ञानलाई सरचित गर्नु तथा राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा भाषालाई फैलाउन र सम्प्रेषण योग्य बनाउनको लागि भाषाको लिखित रूपको उल्लेख भूमिका रहेको हुन्छ, त्यसैले प्रारम्भिक तहबाटै विद्‌यार्थीहरुमा लेखन सिपको विकास गराउनको लागि निबन्ध लेखनको आवश्यकता पर्दछ ।

कुनै पनि व्यक्तिका मनमा उत्पन्न भएका विभिन्न भाव वा विचारहरुलाई सिलसिला मिलाई लेखिने स्वतन्त्र रचना नै निबन्ध लेखन हो । निबन्ध लेखन लेखनकला सिपको उच्च स्तरीय सिप अन्तर्गत पर्दछ । विषय वस्तुलाई आदि, मध्य र अन्त्यको ढाँचामा लेखिने सिप नै निबन्ध लेखन हो । यसमा निश्चित विचार प्रकट गरिएको हुन्छ । निबन्ध लेखनमा स्वतन्त्र र निर्देशित गरी दुई प्रक्रिया अपनाउन सकिन्छ । निर्देशित लेखनमा विषय शीर्षक र शीर्षकसँग सम्बन्धित बुँदाहरू दिएर निबन्ध लेखन गराइन्छ भने स्वतन्त्र लेखनमा विद्‌यार्थीहरुलाई कुनै शीर्षक दिएर वा नदिएर निबन्ध लेखन गराइन्छ । निबन्ध मूलतः वस्तुपरक र आत्मपरक गरी दुई प्रकारमा बाँडिन्छ । कुनै विषयमा केन्द्रित भई रचना गरिएको निबन्ध वस्तुपरक निबन्ध हो भने आफ्ना मनका निजी विचार भावनाहरुलाई प्राथमिकता दिई रचना गरिएको निबन्ध आत्मपरक निबन्ध हो । यसमा व्यक्तिगत अनुभव समेटिएको हुन्छ । सिर्जनात्मक अभ्यास शीर्षकमा समसामयिक विषय वस्तुहरु समावेश गरी

अभ्यास गराउने उद्देश्यले नेपाली विषयका पाठ्य पुस्तकमा निबन्ध लेखन प्रक्रियालाई जोड दिइएको पाइन्छ । विद्यार्थीको स्तर र कक्षाको स्तर अनुरूप लेखन क्षमता भए नभएको पहिचान गर्नका लागि लेखन सिपसँग सम्बन्धित यस अनुसन्धानको औचित्य रहेको छ ।

प्रस्तुत शोध 'दाङ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन' मा केन्द्रित भएकाले यसमा निबन्ध लेखनको उद्देश्य, शिक्षण विधि, महत्त्व र प्रक्रिया आदि समावेश गरिने छ । प्रस्तुत अध्ययनमा विद्यार्थीको लैङ्गिकताका आधारमा निबन्ध लेखनको तुलनात्मक अध्ययन गरिनुका साथै विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरुको निबन्ध लेखन क्षमता प्रस्तुत गरिने भएकाले सम्बन्धित विषयसँग सम्बन्धित पाठ्यक्रम निर्माण, लेखक, शिक्षक, विद्यार्थी तथा अनुसन्धानकर्ता आदिलाई सहयोग गर्ने भएकाले प्रस्तुत अध्ययन मार्गदर्शक बनेको छ ।

## १.५ शोधको सीमाङ्कन

कुनै पनि अध्ययनको क्षेत्र तथा परिवेश व्यापक तथा विस्तृत हुने हुनाले शोधको सीमाङ्कन गर्नु आवश्यक हुन्छ । शोधका क्रममा अध्ययनका लागि निश्चित क्षेत्र र सीमा नतोकिए शोध अध्ययनलाई निश्चित दिशामा अगाडि बढाउन कठिन हुन्छ । शोधको प्रयोजन समय सीमितता, आर्थिक कठिनाई, भौगोलिक विकटता, स्रोत साधनको अपर्याप्तता र अन्य कतिपय कारणहरुबाट यसको क्षेत्र र सीमा निर्धारण गर्न कठिनाइ पर्दछ । त्यसैले अध्ययनलाई तथ्यपूर्ण र प्रभावकारी बनाउन अध्ययनको क्षेत्रलाई सीमित गर्नुपर्ने हुन्छ । त्यसकारण प्रस्तुत अध्ययन निम्न लिखित क्षेत्र र सीमामा सीमित रहेको छ :

क) प्रस्तुत अध्ययन दाङ जिल्लाका सामुदायिक ५ र संस्थागत ५ गरी जम्मा १० ओटा विद्यालयमा सीमित रहेको छ ।

ख) विद्यालयका कक्षा नौमा अध्ययनरत १०/१० जनाका दरले जम्मा १०० जना विद्यार्थीहरुमा मात्र सीमित रहेको छ ।

ग) प्रस्तुत शोध निर्देशित निबन्ध लेखन र स्वतन्त्र निबन्ध लेखनमा मात्र सीमित रहेको छ ।

घ) प्रस्तुत शोधको निष्कर्ष आफूले गरेको अध्ययनबाट प्राप्त तथ्याङ्कको आधारमा मात्र निकालिएको छ ।

## अध्याय दुई

# पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको पुनरावलोकन

कुनै पनि अनुसन्धान गर्नु पूर्व त्यस सम्बन्धी भए गरेका अध्ययन अनुसन्धानको समीक्षा गर्नु नै पूर्व कार्यको समीक्षा हो । पूर्वकार्य र इतिहासको समीक्षा नै नगरी अगाडि बढ्न खोज्नु आफैमा मुर्खता हो । त्यसैले आफूले गर्न लागेको अनुसन्धानलाई उद्देश्य मूलक बनाई सही बाटोमा हिड्नको लागि प्रत्यक्ष अप्रत्यक्ष रूपमा सम्बन्धित पूर्व अध्ययनको महत्त्वपूर्ण भूमिका रहन्छ ।

प्रस्तुत अध्ययनसँग सम्बन्धित विभिन्न पाठ्य पुस्तक प्रकाशन तथा चिठी, कथा, सारांश, अनुच्छेद, व्याख्या, निबन्ध लेखन सम्बन्धी अनुसन्धान भइ सकेका छन् । दाङ जिल्लाको कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन सम्बन्धी अध्ययनसँग सम्बद्ध पाठ्य पुस्तक र शोधपत्रको छुट्टा छुट्टै उपशीर्षक अन्तर्गत पुनरावलोकन गरिएको छ ।

### २.१.१ सम्बद्ध पुस्तकको पुनरावलोकन

प्रस्तुत शोध शीर्षकलाई सहज र प्रभावकारी रूपमा अध्ययन अनुसन्धान गर्नका लागि विभिन्न विद्वानहरुका पुस्तकहरु सम्बन्धित रहेका छन् । जसमध्ये केही पुस्तकहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

अधिकारी (२०६५) द्वारा लिखित **नेपाली भाषा शिक्षण** नामक पुस्तकमा भाषा शिक्षणका विभिन्न पक्षहरुको चर्चा पाइन्छ । यसमा लेखाइ सिपको महत्त्व आवश्यकता, औचित्य लेखाइको प्रयोजन परक तह, लेखाइमा पाइने कमजोरी त्रुटिका क्षेत्रहरु, लेखाइ शिक्षणका कार्यकलाप, लेखाइको शुद्धीकरण, आभ्यासिक र निर्देशित लेखन शिक्षणका क्रममा समेत विचार पुऱ्याउनु पर्ने कुराको उल्लेख गरिएको छ । यसमा अनुच्छेद लेखनका लागि उपयोगमा ल्याउन सकिने सङ्केत गर्दै निबन्धका प्रकारहरुको उल्लेख गरिएको छ ।

ढकाल (२०६६) द्वारा **नेपाली भाषा शिक्षण परिचय र प्रयोग** पुस्तकमा निबन्ध लेखनको परिचय, निबन्ध लेखनको महत्त्व, निबन्ध लेखनको प्रक्रिया तथा निबन्ध लेखन स्वतन्त्र र निर्देशित गरी दुई तरिकाबाट गराउन सकिन्छ भन्ने कुरा चर्चा गरिएको छ ।

शर्मा र पौडेल (२०६८) द्वारा सहलेखनमा तयार पारिएको **नेपाली भाषा र साहित्य शिक्षण** नामक पुस्तकमा निबन्ध लेखनलाई लेखन कलाको महत्त्वपूर्ण कार्यकलाप हो भनिएको छ । यस पुस्तकमा निबन्ध लेखनका लागि स्वतन्त्र र निर्देशित दुबै किसिमका अभ्यास गराउन सक्ने कुरा उल्लेख गरिएको छ । यस पुस्तकमा निबन्ध लेखनको मुख्य उद्देश्य निबन्ध लेखन सिप हासिल गर्नु र आफ्ना वस्तु तथ्यात्मक, भावनात्मक, वैचारिक आदि अभिव्यक्तिलाई विस्तार पूर्वक प्रतिपादन गरेर सो प्रतिपादनलाई पूर्वापर क्रम मिलाई शृङ्खला बद्ध रूपमा प्रस्तुत गर्ने सिप आर्जन गर्नु हो भनिएको छ । यस पुस्तकले प्रस्तुत शोधकार्यको सैद्धान्तिक अवधारणा निर्माण गर्न आधार प्राप्त भएको छ ।

ढकाल र खतिवडा (२०६९) द्वारा लिखित **नेपाली भाषा र साहित्य शिक्षण** पुस्तक नेपाली भाषा र साहित्य शिक्षणको महत्त्वपूर्ण पुस्तक मानिन्छ । उक्त पुस्तकमा निबन्ध शिक्षणको परिचय, निबन्ध शिक्षणको प्रयोजन, निबन्ध शिक्षणको विधि र निबन्ध शिक्षणका क्रममा प्रस्तावना, वाचन शब्द भण्डार सम्बन्धी कठिनाइ निवारण र बोध प्रश्नोत्तर जस्ता पक्षको चर्चा पाइन्छ ।

पौडेल (२०७०) द्वारा लिखित **भाषिक विधा शिक्षण** नामक पुस्तक नेपाली साहित्यका विभिन्न विधा शिक्षणका लागि अति उपयोगी पुस्तकको रूपमा देखिन्छ । यस पुस्तकमा निबन्ध शिक्षणको प्रमुख प्रयोजन लेखन कलाको समुचित विकास गर्नु हो भन्दै निबन्ध शिक्षणको क्रममा प्रचलित विधिहरुमा प्रवचन विधि, छलफल विधि, सुत्र विधि, स्वाध्ययन विधि, समीक्षा विधि तथा प्रस्तुतीकरण जस्ता विधिको चर्चा गरिएको छ ।

माथि उल्लेख गरिएका भाषा शिक्षण सम्बन्धी विभिन्न पुस्तकहरुलाई समावेश गरी यस शोधपत्र तयार पारिएको छ ।

### २.१.२ सम्बद्ध शोधपत्रको पुनरावलोकन

प्रस्तुत शोधमा माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन, कथा लेखन र चिठी लेखन क्षमताको अध्ययनसँग सम्बन्धित विभिन्न विद्यार्थीहरुको शोध पत्र निम्नानुसार प्रस्तुत गरिएको छ :

निरौला (२०६२) द्वारा **कक्षा ९ पुरा गरेका विद्यार्थीहरुको निबन्ध लेखन क्षताको अध्ययन** नामक शोधपत्र तयार पारिएको पाइन्छ । प्रस्तुत शाधेपत्र अध्ययनका उद्देश्यहरु कक्षा ९ पूरा गरेका विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको तुलना गर्नु, कमी कमजोरी पत्ता लगाई सुझाव दिनु रहेका छन् । प्रस्तुत शोधमा क्षेत्रीय अध्ययन विधि द्वारा काठमाडौं उपत्यका १२ वटा विद्यालयमा जम्मा १२० जना विद्यार्थीहरुमा निबन्ध लेखन गराई नतिजाको व्याख्या विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनमा विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन क्षमता राम्रो रहेको पाइएको छ । पहिलो भाषी विद्यार्थीहरुको तुलनामा दोस्रो भाषी विद्यार्थीहरुको निबन्ध लेखन क्षमता राम्रो भएको निष्कर्ष पाइन्छ । यस शोधको अध्ययन पश्चात् प्रस्तुत अनुसन्धानका लागि यसले शोधको रूपरेखा निर्माण गर्न शोधको सैद्धान्तिक आधार तयार पार्न, तुलनात्मक अध्ययनको आधार निर्माण गर्न सहयोग पुगेको छ ।

भण्डारी (२०६३) द्वारा **कक्षा ८ पूरा गरेका विद्यार्थीहरुको निबन्ध लेखन अभिव्यक्ति क्षमताको अध्ययन** शीर्षकमा अध्ययन गरिएको पाइयो । प्रस्तुत शोधको उद्देश्य कक्षा ८ पूरा गरेका विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अभिव्यक्ति सामर्थ्यको अध्ययन गर्नु, संस्थागत तथा सामुदायिक विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन गर्नु, फरक फरक भाषिक पृष्ठभूमि भएका विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन गर्नु, छात्र र छात्राको निबन्ध लेखन क्षमताको अध्ययन गर्नु रहेको छ । प्रस्तुत अध्ययन क्षेत्रीय अध्ययन विधिको प्रयोग गरी नमुना छनोटका रूपमा उपत्यकाका सामुदायिक र संस्थागत विद्यालय गरी जम्मा १० ओटा विद्यालयका १०० जना विद्यार्थीलाई पूर्व परीक्षणका रूपमा छनोट गरिएको छ । प्राप्त तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी व्याख्या र विश्लेषण गरिएको पाइन्छ । उक्त अध्ययनमा प्रतिशत र मध्यमानको आधारमा समग्र विद्यार्थीहरुको निबन्ध लेखन क्षमता कमजोर रहेको तुलनात्मक रूपमा सामुदायिक विद्यालयका भन्दा संस्थागत विद्यालय, पहिलो भाषी भन्दा दोस्रो भाषी विद्यार्थीहरुको निबन्ध लेखन क्षमता राम्रो रहेको पाइयो । यस शोधको अध्ययन पश्चात् प्रस्तुत अनुसन्धानका लागि यसले शोधको रूपरेखा निर्माण गर्न शोधको सैद्धान्तिक आधार तयार पार्न, तुलनात्मक अध्ययनको आधारमा निर्माण गर्न सहयोग पुगेको छ ।

दौत्याल (२०६४) द्वारा **कञ्चनपुर जिल्लाका कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन** शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा निबन्ध लेखन क्षमताको पहिचान गर्नु, लिङ्गगत, भाषिक पृष्ठभूमि, स्थानीयता र विद्यालयको प्रकृतिका दृष्टिले कञ्चनपुर जिल्लाका विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको तुलनात्मक स्थित पहिल्याउनु, उपयुक्त विद्यार्थीहरुमा निबन्ध लेखन सम्बन्धी देखिएका कमी कमजोरीहरुको पहिचान गरी निराकरण गर्न आवश्यक उपाय पहिल्याउनु जस्ता उद्देश्य रहेका छन् । उक्त शोधपत्रमा क्षेत्रीय विधिको अवलम्बन गरी जम्मा ८ विद्यालयका ८० जना विद्यार्थीहरु रहेका छन् । तथ्याङ्क सङ्कलन गरी प्राप्त नतिजालाई प्रतिशतमा रूपान्तरण गरी त्यसैका आधारमा व्याख्या र विश्लेषण गरिएको छ । यस अध्ययनमा प्रतिशत र मध्यमानको आधारमा समग्र विद्यार्थीहरुको निबन्ध लेखन क्षमता कमजोर रहेको, तुलनात्मक रूपमा सामुदायिक विद्यालय भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन क्षमता राम्रो रहको निष्कर्ष निकालिएको छ । उक्त अध्यायमा देखिएका कमजोर पक्षलाई सम्बोधन गरी अध्ययनको सीमा र भावी अनुसन्धानका लागि सम्बन्धित शीर्षकहरु समेत बुँदागत रूपमा प्रस्तुत गरिएको छ । यस शोधको अध्ययन पश्चात् प्रस्तुत अनुसन्धानका लागि यसले शोधको रूपरेखा निर्माण गर्न, शोधको सैद्धान्तिक आधार तयार पार्न, तुलनात्मक अध्ययनको आधार निर्माण गर्न सहयोग पुगेको छ ।

पौडेल (२०६५) द्वारा **गोरखा जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन** शीर्षकको शोधकार्य गरिएको पाइन्छ । उक्त शोधकार्यको मुख्य उद्देश्य गोरखा जिल्लाका कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन गर्नु रहेको छ । यस अध्ययन कार्यमा गोरखा जिल्लाका सामुदायिक ४ र संस्थागत २ गरी जम्मा ६ ओटा विद्यालयलाई नमुनाका रूपमा छनोट गरिएको छ । उक्त अध्ययनमा ४ सामुदायिक विद्यालयका १० जनाका दरले ४० जना र संस्थागत विद्यालयका २० जना गरी जम्मा ६० जना विद्यार्थीहरुलाई नमुनाको रूपमा लिइएको छ । तथ्याङ्क सङ्कलनका लागि शोध कर्ताको प्रत्यक्ष सहभागितामा विद्यार्थीहरुले निबन्ध लेखन क्षमताको स्थितिलाई प्रतिशत र मध्यमानको आधारमा हेर्दा समग्र विद्यार्थीहरुको निबन्ध लेखन क्षमता मध्यम रहेको निष्कर्ष निकालिएको छ ।

निरौला (२०६५) द्वारा **काठमाडौँ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको कथा लेखन क्षमताको अध्ययन** शीर्षकमा अनुसन्धान भएको पाइन्छ । उक्त शोध कार्यमा काठमाडौँ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको कथा लेखन क्षमताको पहिचान गर्नु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको कथा लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु जस्ता उद्देश्यहरु रहेका छन् । यस अध्ययनमा सर्वेक्षणात्मक विधिको प्रयोग गरी काठमाडौँ जिल्लाका १० ओटा विद्यालयमा अध्ययनरत १०० जना विद्यार्थीहरुलाई नमुनाका रूपमा छनोट गरिएको छ । समग्रमा संस्थागत विद्यालयका भन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ । विद्यार्थीहरुको उत्तर पुस्तिका परीक्षण पश्चात् प्राप्त तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी तथ्याङ्कको व्याख्या तथा विश्लेषण गरी निष्कर्ष र सुझाव समेत प्रस्तुत गरेको पाइन्छ । यस शोधको अध्ययन पश्चात् प्रस्तुत अनुसन्धानका लागि यसले शोधको रूपरेखा निर्माण गर्न, शोधको सैद्धान्तिक आधार तयार पार्न, तुलनात्मक, अध्ययनको आधार निर्माण गर्न सहयोग पुगेको छ ।

घिमिरे (२०६६) द्वारा **काठमाडौँ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन** नामक शोधपत्रमा काठमाडौँ जिल्लाका कक्षा नौमा अध्ययन गर्ने विद्यार्थीहरुको लेखन सिपको विकासका साथै सिर्जनात्मक क्षमताको विकास के कसरी गर्न सकिन्छ भन्ने कुरा उल्लेख गरिएको छ । उक्त शोधका उद्देश्यहरु काठमाडौँ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको तुलनात्मक अवस्था पहिल्याउनु, छात्रा तथा छात्राहरुको निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति पहिचान गर्नु तथा निबन्ध लेखनमा देखा परेका कमी कमजोरी औँल्याई निराकरणका लागि सुझाव दिनु रहेका छन् । उक्त अध्ययनमा क्षेत्रीय सामग्री सङ्कलन गर्ने क्रममा पूर्व परीक्षण गरी निबन्ध लेखन गराइएको छ । उक्त शोधमा जम्मा ८० जना विद्यार्थीहरु छनोट गरी अध्ययन गरिएकोमा सामुदायिक र संस्थागत, पहिलो भाषी र दोस्रो भाषी तथा छात्र र छात्राहरुको निबन्ध लेखन क्षमताको स्थिति पत्ता लगाउन प्राप्त तथ्याङ्कलाई तालिकीकरण गरी प्रतिशताङ्क, मध्यमान र मानक विचलनको मान निकाली तुलनात्मक विश्लेषण गरिएको छ । यस शोधको अध्ययन पश्चात् प्रस्तुत अनुसन्धानका लागि यसले शोधको

रूपरेखा निर्माण गर्न शोधको सैद्धान्तिक आधार तयार पार्न, तुलनात्मक अध्ययनको आधार निर्माण गर्न सहयोग पुगेको छ ।

पोखरेल (२०६७) द्वारा **बाँके जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन** शीर्षकमा शोधपत्र तयार पारेको पाइन्छ । प्रस्तुत शोधमा बाँके जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको पहिचान गर्नु, भाषिक पृष्ठभूमि, लैङ्गिकता र विद्यालयको प्रकृतिको आधारमा विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको तुलनात्मक अवस्था पत्ता लगाउनु तथा उक्त अध्ययनको निष्कर्षमा भेटिएका कमी कमजोरीहरु पहिचान गरी आवश्यक सल्लाह प्रदान गर्नु जस्ता उद्देश्य राखेको पाइन्छ । समग्रमा बाँके जिल्लाका कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमता त्यति राम्रो नरहेको निष्कर्ष निकालिएको छ । प्रस्तुत शोधको अध्ययन पश्चात् यस अनुसन्धानका लागि यसले शोधको रूपरेखा निर्माण गर्न, शोधको सैद्धान्तिक आधार तयार पार्न, तुलनात्मक अध्ययनको आधार निर्माण गर्न सहयोग पुगेको छ ।

धमला (२०६८) द्वारा **ललितपुर जिल्लाका कक्षा दसमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन** शीर्षकमा शोधपत्र तयार पारिएको छ । प्रस्तुत शोधपत्रमा ललितपुर जिल्लाका सामुदायिक ४ र संस्थागत ४ गरी आठ ओटा विद्यालयहरुबाट १०/१० जनाका दरले ८० जना विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको पहिचान गर्ने उद्देश्यले सो शोधपत्र तयार पारिएको छ । लैङ्गिकता, भाषिक पृष्ठभूमि र विद्यालयको प्रकृतिका आधारमा शोध पत्र तयार पारिएको छ । उक्त शोध अध्ययनमा विद्यार्थीहरुको निबन्ध लेखन क्षमता सन्तोष जनक नरहेको निष्कर्ष निकालिएको छ । यस शोधको अध्ययन पश्चात् प्रस्तुत अनुसन्धानका लागि यसले शोधको रूपरेखा निर्माण गर्न, शोधको सैद्धान्तिक आधार तयार पार्न, तुलनात्मक अध्ययनको आधार निर्माण गर्न सहयोग पुगेको छ ।

पुन (२०६८) द्वारा **रुकुम जिल्लाका कक्षा नौमा अध्ययनत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन** शीर्षकमा शोधपत्र तयार भएको छ । उक्त शोधको उद्देश्य कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको पहिचान गर्नु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको पहिचान गर्नु,

लैङ्गिकताका आधारमा छात्र र छात्राहरुको निबन्ध लेखन क्षमताको पहिचान गर्नु रहेको छ । उक्त शोधमा दोस्रो भाषी विद्यार्थींहरुको भन्दा पहिलो भाषी विद्यार्थीहरुको निबन्ध लेखन क्षमता राम्रो देखिन्छ । त्यसै गरी छात्र विद्यार्थीको तुलनामा छात्रा विद्यार्थीहरुको निबन्ध लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकाली आवश्यक सुझाव समेत दिइएको पाइन्छ । यस शोधको अध्ययन पश्चात् प्रस्तुत अनुसन्धानका लागि यसले शोधको रूपरेखा निर्माण गर्न, शोधको सैद्धान्तिक आधार तयार पार्न, तुलनात्मक अध्ययनको आधार निर्माण गर्न सहयोग पुगेको छ ।

खनाल (२०६९) द्वारा **दाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन** शीर्षकमा शोधपत्र तयार गरिएको छ । उक्त शोधपत्रमा दाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको पहिचान गर्नु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति पहिचान गर्नु र समस्या समाधानको आवश्यक उपायहरु सुझाउनु जस्ता उद्देश्यह रहेका छन् । उक्त अध्ययन दाङ जिल्लाका सामुदायिक र संस्थागत विद्यालय गरी ८ ओटा विद्यालयका ८० जना विद्यार्थीमा सीमित रहेको छ । क्षेत्रीय अध्ययन विधिको अवलम्बन गरिएको उक्त अध्ययनमा नमुना छनोटको रूपमा दाङ जिल्लाका विद्यार्थीहरु रहेका छन् । उक्त शोध पत्रमा विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको स्थितिलाई हेर्दा समग्रमा निबन्ध लेखन क्षमता राम्रो रहेको पाइन्छ । लैङ्गिकताको आधामा छात्राहरु भन्दा छात्र विद्यार्थीहरुको निबन्ध लेखन क्षमता उच्च देखिन्छ । उपयुक्त तथ्यलाई प्रतिशताङ्क, मध्यमान, मानक विचलन र 'z' को मान समेतको आधारमा विश्लेषण गरी निष्कर्ष निकालिएको छ । यस शोधको अध्ययन पश्चात् प्रस्तुत अनुसन्धानका लागि शोधको रूपरेखा निर्माण गर्न, शोधको सैद्धान्तिक आधार तयार पार्न तुलनात्मक अध्ययनको आधार निर्माण गर्न सहयोग पुगेको छ ।

पौडेल (२०६९) द्वारा **पर्वत जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन** नामक शीर्षकमा शोध पत्र तयार पारिएको छ । उक्त शोध कार्यको मुख्य उद्देश्य पर्वत जिल्लाका कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन गर्नु, लैङ्गिकताका आधारमा विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको तुलना गर्नु, नेपाली पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको

तुलनात्मक स्थिति पत्ता लगाउनु रहेको छ । प्रस्तुत शोधपत्रमा तुलनात्मक अध्ययन विधि द्वारा पर्वत जिल्लाका सामुदायिक विद्यालयका ५० जना र संस्थागत विद्यालयका ५० जना गरी जम्मा १०० जना विद्यार्थीहरुमा निबन्ध लेखन गराइ नतिजाको व्याख्या विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनमा पहिलो भाषी विद्यार्थीको तुलनामा दोस्रो भाषी विद्यार्थीहरुको निबन्ध लेखन क्षमता राम्रो रहेको पाइएको छ । लैङ्गिकताका आधारमा छात्रा विद्यार्थीको तुलनामा छात्र विद्यार्थीको निबन्ध लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको पाइन्छ । यस शोधको अध्ययन पश्चात् प्रस्तुत अनुसन्धानका लागि यसले शोधको रूपरेखा निर्माण गर्न, शोधको सैद्धान्तिक आधार तयार पार्न र तुलनात्मक अध्ययनको आधार निर्माण गर्न सहयोग पुगेको छ ।

भण्डारी (२०६९) द्वारा **दाङ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन** शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा दाङ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको पहिचान गर्नु, नेपाली पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको पहिचान गर्नु, लैङ्गिकताका आधारमा विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउनु, निबन्ध लेखनका कमी कमजोरी पत्ता लगाई सुधारका लागि सुझाब प्रस्तुत गर्नु जस्ता उद्देश्यमा केन्द्रित रहेको छ । उक्त शोध क्षेत्रीय अध्ययन विधिको प्रयोग गरी नमुना छनोटका रूपमा दाङ जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका माध्यमबाट ग्रामीण र सहरी क्षेत्रलाई समेट्ने गरी ४ विद्यालयबाट १५/१५ जनाका दरले ६० जना विद्यार्थीहरुमा अध्ययन गरिएको छ । १२ पूर्णाङ्कको परीक्षामा विद्यार्थीहरुले लेखेको निबन्धलाई आधार मानी उनीहरुको प्राप्ताङ्कलाई तथ्याङ्कको रूपमा लिइएको छ । प्राप्त तथ्याङकलाई आधार मानी मध्यमान र प्रतिशतको आधारमा तथ्याङ्कको विश्लेषण गरिएको छ । भाषिक पृष्ठभूमिका आधारमा पहिलो भाषी विद्यार्थीहरुको भन्दा दोस्रो भाषी विद्यार्थीहरुको निबन्ध लेखन क्षमता राम्रो रहेको छ । छात्रहरुको तुलनामा छात्राहरुको निबन्ध लेखन क्षमता राम्रो रहेको र सामुदायिक विद्यालय भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ । यस शोधको अध्ययन पश्चात् प्रस्तुत अनुसन्धानका लागि यसले शोधको रूपरेखा निर्माण गर्न, शोधको सैद्धान्तिक आधार तयार पार्न तुलनात्मक अध्ययनको आधार निर्माण गर्न सहयोग पुगेको छ ।

खड्का (२०६९) द्वारा **सर्लाही जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन** शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त अध्ययन सर्लाही जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको तुलना गर्नु, भाषिक पृष्ठभूमि र लैङ्गिकताका आधारमा निबन्ध लेखन गराई विभिन्न कमी कमजोरीहरु पत्ता लगाई आवश्यक सुझाब दिने उद्देश्यमा केन्द्रित भई शोधपत्र तयार पारिएको पाइन्छ । क्षेत्रीय सङ्कलन विधिबाट सर्लाही जिल्लाबाट सामुदायिक र संस्थागत गरी ८ ओटा विद्यालय र प्रत्येक विद्यालयबाट १०/१० जना गरी जम्मा ८० जना विद्यार्थीहरुमा अध्ययन गरिएको छ । यस अध्ययनले सामुदायिक विद्यालयका विद्यार्थीहरुको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन क्षमता उच्च रहेको र समग्रमा विद्यार्थीहरुको निबन्ध लेखन क्षमता कमजोर रहेको निष्कर्ष निकालिएको छ । यस शोधको अध्ययन पश्चात् प्रस्तुत अनुसन्धानका लागि यसले शोधको रूपरेखा निर्माण गर्न, शोधको सैद्धान्तिक आधार तयार पार्न, तुलनात्मक अध्ययनको आधार निर्माण गर्न सहयोग पुगेको छ ।

धामी (२०६९) द्वारा **कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन** गरिएको छ । यस शोधपत्रमा निबन्ध लेखन क्षमताको पहिचान गर्नु, लैङ्गिकताका आधारमा छात्र र छात्राको निबन्ध लेखन क्षमताको पहिचान गर्नु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको पहिचान गर्नु जस्ता उद्देश्यमा केन्द्रित रहेको छ । यसमा जनसङ्ख्या र प्रतिनिधि नमुना छनोट, सामग्री निर्माण, पूर्व परीक्षण, तथ्याङ्क सङ्कलन जस्ता विधिहरुको प्रयोग गरिएको छ । समग्रमा सामुदायिक विद्यालय भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन क्षमता राम्रो रहेको र छात्रा विद्यार्थीहरुको तुलनामा छात्र विद्यार्थीहरुको निबन्ध लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ । यस शोधको अध्ययन पश्चात् प्रस्तुत अनुसन्धानका लागि यसले शोधको रूपरेखा निर्माण गर्न शोधको सैद्धान्तिक आधार तयार पार्न, तुलनातमक अध्ययनको आधार निर्माण गर्न सहयोग पुगेको छ ।

गौतम (२०७०) द्वारा **सिन्धुली जिल्लाका जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन** शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त अध्ययनमा निबन्ध लेखन क्षमताको पहिचान गर्नु, विद्यालय प्रकृतिका आधारमा,

भाषिक पृष्ठभूमिका आधारमा र लैङ्गिकताका आधारमा विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको पहिचान गर्नु जस्ता उद्देश्यहरु राखिएको छ । यस अध्ययनमा पनि जनसङ्ख्या, नमुना छनोट, सामग्री निर्माण, पूर्व परीक्षण र तथ्याङ्क सङ्कलनलाई नै प्रमुख विधिका रूपमा लिइएको छ । यस अध्ययनमा सामुदायिक विद्यालयको तुलनामा संस्थागत र छात्र भन्दा छात्रा विद्यार्थीहरुको निबन्ध लेखन क्षमता उच्च रहेको निष्कर्ष निकालिएको पाइन्छ । यस शोधको अध्ययन पश्चात् प्रस्तुत अनुसन्धानका लागि यसले शोधको रूपरेखा निर्माण गर्न, शोधको सैद्धान्तिक आधार तयार पार्न, तुलनातमक अध्ययनको आधार निर्माण गर्न सहयोग पुऱ्याएको छ ।

लौडरी (२०७१) द्वारा **तनहुँ जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन** शीर्षकमा शोधकार्य गरिएको पाइन्छ । तनहुँ जिल्ला भित्रका संस्थागत र सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको विद्यालय प्रकृति, भाषिक पृष्ठभूमि र लैङ्गिकताका आधारमा विद्यार्थीहरुको निबन्ध लेखन क्षमता पहिचान गर्ने उद्देश्य राखिएको पाइयो । चार ओटा विद्यालयबाट ४० जना विद्यार्थीहरुलाई नमुनाको रूपमा लिइएको छ । तथ्याङ्क सङ्कलनका लागि शोधकर्ताको प्रत्यक्ष समलग्नतामा निबन्ध लेख्न लगाइएको पाइन्छ । प्रस्तुत उत्तर पुस्तिकाको परीक्षण पश्चात् विद्यार्थीहरुलाई पाँच श्रेणीमा विभाजन गरी प्राप्त तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी व्याख्या विश्लेषण गरिएको छ । निष्कर्षमा विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको स्थितिलाई प्रतिशत र स्तम्भ चित्रको आधारमा हेर्दा समग्र विद्यार्थीहरुको निबन्ध लेखन क्षमता कमजोर रहेको पाइन्छ । संस्थागत विद्यालयका तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन क्षमता कमजोर रहेको पाइयो । छात्र विद्यार्थीको भन्दा छात्रा विद्यार्थीहरुको निबन्ध लेखन क्षमता कमजोर रहेको कुरा निष्कर्षमा प्रस्तुत गरिएको छ । यस शोधको अध्ययन पश्चात प्रस्तुत अनुसन्धानका लागि यसले शोधको रूपरेखा निर्माण गर्न, शोधको सैद्धान्तिक आधार तयार पार्न, तुलनात्मक अध्ययनको आधार निर्माण गर्न सहयोग पुगेको छ ।

डाँगी (२०७१) द्वारा **सल्यान जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन** शीर्षकमा शोधकार्य भएको पाइन्छ । उक्त अध्ययनमा सल्यान जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको पहिचान गर्नु, विद्यालय प्रकृतिका आधारमा र लैङ्गिकताका आधारमा निबन्ध लेखन क्षमताको

अध्ययन गर्नु भन्ने जस्ता उद्देश्यहरु यस शोधकार्यमा राखिएको छ । यसमा जनसङ्ख्या पहिचान, प्रतिनिधि नमुना छनोट, सङ्कलित तथ्याङ्कहरुको व्याख्या विश्लेषण र प्रस्तुतीकरण जस्ता सर्वेक्षणात्मक विधिहरुको प्रयोग गरिएको छ । सामुदायिक विद्यालयका विद्यार्थीहरुको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन क्षमता राम्रो रहेको, छात्र विद्यार्थीको भन्दा छात्रा विद्यार्थीको निबन्ध लेखन क्षमता उच्च रहेको र समग्रमा विद्यार्थीहरुको निबन्ध लेखन क्षमता मध्यम स्तर रहेको निष्कर्षमा पाइन्छ । यस शोधको अध्ययन पश्चात् प्रस्तुत अनुसन्धानका लागि यसले शोधको रूपरेखा निर्माण गर्न, शोधको सैद्धान्तिक आधार तयार पार्न, तुलनात्मक अध्ययनको आधार निर्माण गर्न उपयोगी रहेको छ ।

ढकाल (२०७२) द्वारा **महोत्तरी जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन** शीर्षकमा शोधपत्र तयार गरिएको छ । प्रस्तुत शोधमा महोत्तरी जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमता क्षमता पहिल्याउनु र लैङ्गिकताका आधारमा विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको पहिचान गर्नु जस्ता उद्देश्य यस शोधकार्यमा राखिएको छ । अनुसन्धानमा अध्ययनले क्षेत्रीय अध्ययन विधि र पुस्तकालयीय विधिलाई प्रमुख विधिको रूपमा प्रयोग गरिएको पाइन्छ । उक्त अध्ययनमा नमुना छनोटको रूपमा महोत्तरी जिल्लाका सामुदायिक र संस्थागत गरी जम्मा १० वटा विद्यालयका १०/१० जनाका दरले १०० जना विद्यार्थीहरुको अध्ययन गरिएको छ । उक्त शोधपत्रमा विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको स्थितिलाई हेर्दा सन्तोषजनक रहेको पाइन्छ । सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन क्षमता राम्रो देखिन्छ । प्राप्त तथ्याङ्कलाई, मध्यमान र समूहगत आधारमा विद्यार्थीहरुको प्राप्ताङ्कमा के कति भिन्नता छ भनेर पत्ता लगाउन मानक विचलन समेत निकालेर विश्लेषण गरी निष्कर्ष निकालिएको छ । यस शोधको अध्ययन पश्चात् प्रस्तुत अनुसन्धानका लागि यसले शोधको रूपरेखा निर्माण गर्ने, शोधको सैद्धान्तिक आधार तयार पार्न, तुलनात्मक अध्ययनको आधार निर्माण गर्न उपयोगी रहेको छ ।

जोशी (२०७२) द्वारा तयार पारिएको **बझाङ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको कथा लेखन क्षमताको अध्ययन** शीर्षकमा शोधपत्र तयार गरिएको छ । प्रस्तुत शोधमा बझाङ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको लैङ्गिकता र विद्यालय

प्रकृतिका आधारमा विद्यार्थीहरुको कथा लेखन क्षमताको पहिचान गर्नु र कथा लेखन सम्बन्धी आवश्यक सुझाव समेत उल्लेख गरिएको छ । यस अध्ययनमा बझाङ जिल्लाका सामुदायिक ३ र संस्थागत ३ विद्यालय समावेश गरी सामुदायिक विद्यालयबाट ३० र संस्थागत विद्यालयबाट ३० गरी जम्मा ६० जना विद्यार्थीहरुको कथा लेखन क्षमताको पहिचान गरिएको छ । प्रस्तुत अध्ययनमा सामुदायिक विद्यालयको तुलनामा संस्थागत र छात्र विद्यार्थीहरुको तुलनामा छात्रा विद्यार्थीहरुको कथालेखन क्षमता उच्च रहेको निष्कर्ष निकालिएको छ । उक्त अध्ययनमा देखिएका कमी कमजोरीलाई सम्बोधन गर्दै बुँदागत रूपमा सुझाव समेत प्रस्तुत गरिएको छ । यस शोधको अध्ययन पश्चात् प्रस्तुत अनुसन्धानका लागि यसले शोधको रूपरेखा निर्माण गर्न, शोधको सैद्धान्तिक आधार तयार पार्न, तुलनात्मक अध्ययनको आधार निर्माण गर्न सहयोग पुगेको छ ।

पूर्वकार्यको समीक्षा गर्दा हालसम्म निबन्ध लेखन सम्बन्धी विभिन्न अध्ययन अनुसन्धानहरु भएका शोधहरु प्रशस्तै भेटिन्छन् । यी शोधहरुले प्रस्तावित अध्ययनलाई महत्त्वपूर्ण आधार प्रदान गरेका छन् । यस सन्दर्भमा विभिन्न लेखक तथा शोधार्थीहरुद्वारा लेखन सिप सम्बन्धी विभिन्न पक्षहरुमा अध्ययन भएको पाइए तापनि दाङ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमता सम्बन्धी अध्ययन भएको भेटिँदैन । त्यसैले दाङ जिल्लाका कक्षा नौमा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुलाई नमुनाका रूपमा छनोट गरी निबन्ध लेखन गराइएको छ । विद्यार्थीहरुबाट प्राप्त उत्तर पुस्तिका परीक्षण गरी व्याख्या विश्लेषण गरिएको छ । साथै उल्लेखित पूर्वकार्यलाई सहयोगी आधारका रूपमा लिई शोध तयार पारिएको छ । जसले यस अध्ययनलाई अन्य अध्ययनभन्दा विशिष्ट बनाएको छ ।

### २.१.३ पूर्वकार्यको अध्ययनको महत्त्व

मानवीय अनुभव तथा ज्ञानलाई संरचित गर्न, राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरमा भाषालाई फैलाउन र सम्प्रेषण योग्य बनाउन तथा व्यक्तिका मनमा उब्जेका विभिन्न विचारहरुलाई अनन्त कालसम्म सुरक्षित राख्नको लागि लेखाइ सिपको ठूलो महत्त्व रहेको छ । विद्यार्थीको लेखन सिपमा निखारता ल्याउन, वर्ण विन्यास, शब्द भण्डार, चिह्न प्रयोग, वाक्य गठन र व्याकरणगत विषय वस्तु आदि, मध्य र अन्त्यको ढाँचामा मिलाएर लेख्नको लागि निबन्ध

लेखनले उल्लेख्य भूमिका खेल्दछ । विद्यार्थीहरुमा लेखन सिपको विकास गर्नमा निबन्ध लेखनको उच्च भूमिका रहन्छ ।

निबन्ध लेखन लेखन कलाको महत्त्वपूर्ण कार्यकलाप भएकाले लेखन सिप सम्बन्धी अध्ययन अनुसन्धान गर्न, निबन्ध लेखनका कार्यकलापहरु गराउन, लेखन सिपसँग सम्बन्धित समस्याहरुको समाधान गर्न, निबन्ध लेखन लगायत लेखन सिपसँग सम्बन्धित अन्य अध्ययन अनुसन्धानको लागि थप सहयोग सामग्री हुन सक्ने भएकाले पूर्वकार्यको अध्ययन गर्नु महत्त्वपूर्ण मानिन्छ ।

## २.२ सैद्धान्तिक अवधारणा

### २.२.१ निबन्धको परिचय

निबन्ध साहित्यको कान्छो विधा मानिन्छ । यस विधालाई पूर्वीय पाश्चात्य साहित्यका विद्वानहरुले आ-आफ्नै तरिकाले अर्थ्याएको पाइन्छ ।

निबन्ध शब्द संस्कृत भाषाबाट नेपालीमा आएको तत्सम शब्द हो । संस्कृत भाषाको 'बन्ध' धातुमा 'घञ्' (अ) प्रत्यय लाग्दा 'बन्ध' शब्द बन्छ र त्यस 'बन्ध' शब्दमा 'नि' उपसर्ग लाग्दा 'निबन्ध' शब्द बन्दछ । यसरी नि + बन्ध + घञ् (अ) मिलेर बनेको 'निबन्ध' शब्दको व्युत्पत्तिमूलक अर्थ हुन्छ - राम्ररी बाँध्ने काम । निबन्ध शब्दको व्युत्पत्तिमूलक अर्थलाई जोडेर हेर्दा यसले जीवन जगत्का कुनै विषयलाई सौन्दर्यपूर्ण गद्य भाषाका माध्यमबाट लघु आयाममा प्रकट गरेको साहित्यिक विधालाई बुझाउँछ (भण्डारी र अन्य, २०६७ : ४५१) आख्यानेतर गद्य विधा अन्तर्गत पर्ने निबन्ध साहित्यिक र साहित्यतर दुबै हुन सक्छ ।

निबन्ध भनेको गद्यमा अभिव्यक्त भएको व्यक्तिको आत्म प्रकाशन हो । यो साहित्यको स्वतन्त्र एवम् सिर्जनात्मक विधा हो । यो उन्मुक्त र स्वच्छन्द भए पनि आफैमा पूर्ण विधा हो ।

निबन्ध भनेको त्यस्तो साहित्यिक रचना हो जुन एउटा विषयमा मात्र केन्द्रित हुन्छ अनि यो न लामो न छोटो संरचनामा संरचित भएर लेखकका व्यक्तिगत अनुभव, अनुभूति र दृष्टिकोणहरु सहज र स्वाभाविक रूपमा व्यक्त भएको हुन्छ । जीवन यापनका क्रममा लेखकले प्राप्त गरेको अनुभवहरुलाई वैयक्तिकताका साथ व्यक्त गर्दा निबन्धको सिर्जना

हुन्छ । शैली वा प्रस्तुतिका आधारमा निबन्ध वस्तुपरक र आत्मपरक गरी दुई प्रकारका देखिन्छन् । वस्तुपरक निबन्धमा कुनै व्यक्ति, वस्तु वा स्थानलाई विषय वस्तुका रूपमा लिएर वस्तुपरक निबन्धहरुको रचना गर्न सकिन्छ । यस्ता निबन्धहरुमा वस्तुको वस्तुता प्रधान रूपमा आएको हुन्छ । निबन्धमा वस्तुको सम्पूर्णता व्यक्त हुने हुनाले निबन्ध पढ्नासाथ त्यसको प्रतिमूर्ति पाठकको मानसिकतामा उपस्थित हुन्छ । त्यसै गरी आत्मपरक निबन्धमा निबन्धकारले कुनै वस्तुलाई निबन्धको विषयका रूपमा टिपेर त्यसलाई आत्मगत रूपमा व्यक्त गर्दछ । तसर्थ वैयक्तिकता आत्मपरकता निबन्धको आत्मा हो र यसमा व्यक्तित्व तथा अहम्को प्रबलता रहेको हुन्छ (ओझा, २०७१ : ६७) । जीवन जगत्का कुनै पनि विषय वस्तुलाई आत्मपरक वा वस्तुपरक शैलीमा प्रस्तुत गरिने आफैँमा पूर्ण गद्य साहित्यिक रचना निबन्ध हो ।

यसरी साहित्यकारले आफैंले भोगेका, देखेका, सुनेका र अनुभव गरेका कुराहरुलाई अनुपम शैलीका माध्यमबाट पाठक माझ निबन्धहरु पुगेका हुँदा नेपाली साहित्य क्षेत्रमा यस विधाले आफ्नो छुट्टै अस्तित्व बनाउन सफल भएको छ ।

### २.२.२ निबन्धको परिभाषा

गद्य साहित्यको एक विशिष्ट विधाका रूपमा देखापरेको निबन्धलाई पूर्व र पश्चिम दुबैतिरका निबन्धकारहरुले आ-आफ्नै ढङ्गले परिभाषित गरेका छन् । उनीहरुका परिभाषामा एकरूपता नपाए पनि उनीहरुले एक एक पक्षलाई समेट्ने प्रयास गरेका छन् । पाश्चात्य साहित्यमा निबन्धको सुरुवात फ्रान्सबाट भएर विस्तारै बेलायत हुँदै विश्वभरि फैलिएको देखिन्छ । निबन्धको परिभाषा दिने क्रममा पाश्चात्य पूर्वीय साहित्यकारहरुले आ-आफ्नै किसिमले परिभाषा दिइएको पाइन्छ । जुन परिभाषालाई यसप्रकार प्रस्तुत गर्न सकिन्छ :

निबन्ध विधाका जनकका रूपमा रहेका मोन्तेनले निबन्धको परिभाषा यसरी दिएका छन् : “यिनै (निबन्ध) द्वारा कुनै नयाँ मूल्य र सत्य उद्घाटन भयो भन्ने कुरा मैले ठानेको छैन । तैपनि यिनमा आफ्नो हृदय खोलेर जस्ताको तस्तै देखाउने काम भएको ठानेको छु । म नै मेरा निबन्धको विषयवस्तु हुं किनभने मलाई सबभन्दा बढ्ता चिन्ने व्यक्ति म आफै हुं ।” त्यसै गरी फ्रान्सिस बेकनले निबन्धलाई यसरी परिभाषित गरेका छन्- ‘विकीर्ण चिन्तनको समग्र प्रस्तुतीकरण निबन्ध हो ।’ केही संक्षिप्त टिप्पणी भएका जहाँ जिज्ञासा र

भावात्मकताको स्थानमा अभिप्रायः वा विचारात्मकताको मात्रा अधिक रहन्छ, तिनीहरु निबन्ध हुन्" (भण्डारी र अन्य, २०६७ : ४५१-४५२) । यसरी पाश्चात्य जगत्का विद्वान्हरुले निबन्धलाई परिभाषित गरेका छन् ।

त्यसै गरी नेपाली साहित्य जगत्का निबन्धकारहरुले पनि निबन्धलाई आ-आफ्नै ढङ्गले परिभाषित गरेका छन् । नेपाली साहित्य क्षेत्रका प्रसिद्ध व्यक्तित्व लक्ष्मी प्रसाद देवकोटाका अनुसार "यो रौँ चिरा दर्शन होइन, न हो पाण्डित्य प्रदर्शनको ठ्यास्फु । ... यो टेबुल गफ हो, चस्मादार अध्यापकको व्याख्यान होइन न त वमन वेदान्त" (लम्साल र अन्य, २०६७ : २२७) । त्यसै गरी अर्का हास्य व्यङ्ग्य निबन्धकार भैरव अर्यालले निबन्धलाई यसरी परिभाषित गरेका छन्- "कुनै विषयमा आफूले जानेका, सोचेको र लागेको कुरा रसिलो पाराले प्रकट गर्ने छरितो गद्य नै निबन्ध हो" (ओझा, २०७१ : ६) । यसरी नेपाली साहित्यकारहरुले पनि निबन्धको परिभाषा आ-आफ्नै ढङ्गले दिइएको पाइन्छ ।

यसरी निबन्ध भन्नाले के बुझिन्छ भने निबन्ध गद्यमा लेखिएको त्यस्तो साहित्यिक रचना हो जसमा वैयक्तिक अनुभूति र भावनाहरुलाई अनौपचारिक शैलीमा सरल र सरस रूपमा व्यक्त गरिएको हुन्छ ।

### २.२.३ निबन्धका तत्त्वहरु

कुनै पनि रचना पूर्ण हुनका लागि आवश्यक पर्ने अङ्गहरु नै त्यसका तत्त्वहरु हुन् । त्यसै गरी निबन्ध लेख्दा आवश्यक पर्ने अङ्गहरुलाई नै निबन्धका तत्त्व भनिन्छ । निबन्ध सिङ्गो र अर्थपूर्ण बन्नका लागि विभिन्न तत्त्वहरुको आवश्यकता पर्दछ । विभिन्न लेखकहरुले निबन्धका तत्त्वलाई आ-आफ्नै तरिकाले उल्लेख गरेको पाइन्छ । निबन्ध विधा लेखनका क्रममा आवश्यक पर्ने तत्त्वहरुका बिचमा सबैको मतैक्यता भने पाइँदैन । यसरी मतैक्यता नपाइए तापनि निबन्ध लेखनका क्रममा समेटिनु पर्ने प्रमुख तत्त्वहरु निम्नानुसार रहेका छन् :

(क) विषय वस्तु

(ख) वैयक्तिकता

(ग) हार्दिकता/बौद्धिकता

(घ) संक्षिप्तता

(ङ) भाषा र शैली

(च) उद्देश्य

(छ) दृष्टिबिन्दु

माथि उल्लेख गरिएका तत्त्वहरुको छोटकरीमा व्याख्या गर्दा यस प्रकार छ :

**(क) विषय वस्तु**

विषय वस्तु निबन्धको मेरुदण्ड हो । विषय वस्तु विना कुनै पनि निबन्धकारले निबन्धको संरचना गर्न सक्दैनन् । निबन्ध कारले विषय वस्तुमाथि केन्द्रित रहेर नै कुनै पनि वैचारिक अभिव्यक्ति प्रस्तुत गर्दछन् । निबन्धको भूमिका धेरै भए पनि कुनै खास विषय वस्तु नभइकन यसलाई अघि बढाउन सकिँदैन । त्यसैले विषय वस्तुमा निबन्धको आवश्यकता खड्कन गएको हो । निबन्धमा निबन्धकारले जुनसुकै प्रकारको विषय छनोट गरी लेख्न सक्छन् । मानव मनबाट निबन्ध निस्कने हुनाले यसमा भावबाट निबन्धको विषय वस्तु छनोट गरिन्छ । मानवको भावुकता, आवेग, संवेदन जस्ता कुरा भाव तत्त्वसँग सम्बन्धित रहेका हुन्छन् । यिनै कुराहरुबाट निबन्धको रचना गरिन्छ । यस्तै तत्त्वसँग सम्बन्धित नभएर गम्भिर चिन्तन, विचार, तर्कजस्ता कुरा आउँछन् । यसैको कारणले निबन्धको संरचना पक्ष सबल र स्पष्ट हुन्छ (लम्साल र अन्य, २०६७ : २२८) । निबन्धमा बुद्धि र भावको एक आपसमा अन्योन्याश्रित सम्बन्ध हुन्छ ।

**(ख) वैयक्तिकता / आत्मपरकता**

वैयक्तिकता निबन्धको प्राण हो । निबन्धकारले आफ्ना निबन्धमा आफूले भोगेका अनुभव, बाँचेको जिन्दगी एवम् अर्जित र निर्मित व्यक्तित्वको अभिव्यक्ति दिएको हुन्छ । आत्मपरक निबन्ध रचनाका क्रममा विषय वस्तु गौण र निबन्धकारको व्यक्तित्व प्रधान हुन्छ भने वस्तुपरक निबन्धमा वस्तुको प्राधान्य रहन्छ तर यसमा पनि व्यक्ति निष्ठता गौण रूपमा व्यक्त भएको हुन्छ । मात्रात्मक रूपमा घटीबढी भए पनि निबन्धमा निबन्धकारको व्यक्तित्वको अभिव्यक्ति अनिवार्य रूपमा हुने भएकाले वैयक्तिकता वा आत्मपरकता निबन्धको महत्त्वपूर्ण तत्त्व हो (ओझा, २०७१ : १४) ।

## (ग) हार्दिकता/बौद्धिकता

व्यक्तिको हृदय पक्षसँग सम्बद्ध कुरा हार्दिकता र मस्तिष्कसँग सम्बद्ध कुरा बौद्धिकता हो । हार्दिकता व्यक्तिको आन्तरिक व्यक्तित्व हो । आन्तरिक पक्ष प्रतिभासँग तथा बाह्य बौद्धिक पक्ष अध्ययन र अभ्याससँग सम्बन्धित हुन्छ । यी दुई पक्षमध्ये हार्दिकता निबन्धको प्रमुख तत्त्व हो किनभने निबन्धमा हृदय पक्षको ठूलो महत्त्व रहेको हुन्छ । निबन्ध भनेकै लेखक र पाठक बिचको तादात्म्य कायम हुनु हो । निबन्धमा बौद्धिकता बढी भयो भने हार्दिकताबाट धेरै टाढा जान्छ ।

बौद्धिकताले आक्रान्त निबन्ध सार्वकालीन हुन सक्दैन । निबन्ध सार्वकालीन, कालजयी र लोकप्रिय हुनका लागि हार्दिक तत्त्वको प्रबलता हुनु पर्दछ । तैपनि बौद्धिकतायुक्त निबन्धलाई पनि निबन्ध मान्न भने सकिन्छ (ओझा, २०७१ : १५) । त्यसैले बौद्धिकता र हार्दिकता निबन्धका आवश्यक तत्त्व हुन् ।

## (घ) संक्षिप्तता

संक्षिप्तता निबन्धको आयाम र आकार प्रकारसँग सम्बन्धित बाह्य पक्ष हो । निबन्धको विषय वस्तु व्यापक पनि हुन सक्छ तर त्यसलाई आकर्षक तरिकाले प्रस्तुत गर्न संक्षिप्त शैलीको अवलम्बन गर्नु पर्दछ । संक्षिप्तताको अर्थ कुनै विषयलाई संक्षेपीकरण गरी प्रस्तुत गर्नु नभएर विषय वस्तुलाई संक्षिप्तता मै पूर्णता सहित प्रस्तुत गर्नु हो ।

## (ङ) भाषा र शैली

कुनै पनि लिखित वा मौखिक कुराको अभिव्यक्तिको माध्यम भाषा हो भने प्रस्तुतिको तरिका शैली हो । निबन्धको भाषा गद्य हुन्छ । निबन्धको भाषा सरल, सुगठित र स्तरीय हुनुपर्दछ । निबन्धमा प्रस्तुत गरिएको विषय वस्तु बोक्न सक्ने खालको भाषाको प्रयोग निबन्धमा अपेक्षित हुन्छ । निबन्धमा लिइएको विषय वस्तुलाई सम्प्रेषण गर्नका लागि तयार गरिएको शब्द, वाक्य अनुच्छेदहरुको बुनोट नै शैली हो । निबन्धको शैली व्यक्ति पिच्छे, फरक-फरक हुन सक्छ । शैली भावका दृष्टिले संयत शैली, भावुक शैली, व्यङ्ग्य शैली हुन्छन् भने भाषाका दृष्टिले प्रसाद वा व्यास शैली र समास शैली हुन्छन् । संयत शैलीमा लेखक अनियन्त्रित भएर भावुकतालाई छताछुल्ल पोखेको हुन्छ । निबन्धमा पात्रले बोलेका

कुरालाई स्पष्ट सुन्दर र मिठासपूर्ण बनाउने काम भाषा र शैलीले गर्दछ (भण्डारी र अन्य, २०६४ : ४५६-४५७) । त्यसैले निबन्धमा भाषा र शैलीको उच्च स्थान रहेको हुन्छ ।

### (च) उद्देश्य

कुनै पनि रचना कुनै न कुनै उद्देश्य राखेर मात्र रचना गरिन्छ । त्यस्तै निबन्ध पनि कुनै एक उद्देश्य राखेर रचना हुनु जरुरी हुन्छ । कुनै पनि रचनामा उद्देश्यको महत्त्वपूर्ण स्थान हुने हुनाले कुनै खास निश्चित उद्देश्य प्राप्तिका निम्ति निबन्धको रचना गरिन्छ । रचनाकारले रचनाका माध्यमबाट आफ्नो भाव वा विचारलाई व्यक्त गरेका हुन्छन् । त्यस्ता रचनामा कुनै निश्चित उद्देश्य रहेको हुन्छ । कुनै रचनाकारले उद्देश्य विनाको अभिव्यक्ति प्रस्तुत गरेमा त्यो केबल फोस्रो अभिव्यक्ति मात्र हुन्छ । निबन्ध विधा कुनै पनि लेखकको आत्म प्रकाशनको सशक्त माध्यम हो । यसैका माध्यमबाट लेखकले आफ्ना, विचार भावना र धारणाहरु व्यक्त गर्दछन् । छोटो तथा मीठो गद्य शैलीमा अभिव्यक्त गर्नु निबन्धको मुख्य उद्देश्य हो (लम्साल र अन्य, २०६७ : २२८-२२९) । पात्रको चरित्रलाई स्पष्ट, सुन्दर र मिठासपूर्ण बनाउने काम शैलीले गर्दछ ।

### (छ) दृष्टिबिन्दु

निबन्धकारका भाव, विचार, अनुभव वा अनुभूतिलाई प्रस्तुत गर्ने तरिका वा पद्धतिलाई दृष्टिबिन्दु भनिन्छ । यो निबन्धकारका अनुभव, अनुभूति वा चिन्तनलाई अभिव्यक्त गर्ने सूक्ष्म प्रक्रिया हो । निबन्ध रचनाका क्रममा प्रथम पुरुष दृष्टिबिन्दु र तृतीय पुरुष दृष्टिबिन्दु दुबैको प्रयोग गर्न सकिन्छ । प्रथम पुरुष दृष्टिबिन्दुलाई आन्तरिक दृष्टिबिन्दु तथा तृतीय पुरुष दृष्टिबिन्दुलाई बाह्य दृष्टिबिन्दु पनि भनिन्छ । प्रथम पुरुष दृष्टि बिन्दुमा निबन्धकारले आफ्ना वैयक्तिक भाव वा 'स्व' को अभिव्यक्ति दिएको हुन्छ । यसमा निबन्धकार आफैं निबन्धको विषय वस्तु बन्दछ वा विषयलाई आफ्ना आत्मरागमा मुछेर व्यक्त गर्दछ । निबन्धकार पाठक सामु इमान्दार तरिकाबाट स्वयम् व्यक्त हुन्छ र पाठकसँग अन्तक्रिया गर्दै आफ्ना विचारसँग पाठकलाई सहमत गराउने प्रयास गर्दछ । तृतीय पुरुष दृष्टिबिन्दु शैलीमा रचना गरिएका निबन्धमा निबन्धकारले कुनै विषय, घटना वा सन्दर्भलाई उपस्थान गरी त्यसको वर्णन गर्दछ ।

कुनै पनि निबन्धपूर्ण हुनका लागि माथिका तत्त्वहरुलाई अनिवार्य रूपमा समेटिनु पर्दछ । माथि उल्लेखित विभिन्न तत्त्वहरुको संयोजनबाट नै एउटा उत्कृष्ट निबन्ध बन्दछ ।

### २.२.४ लेखन सिप र निबन्ध विधा लेखन

#### २.२.४.१ लेखन सिपको विकासमा निबन्ध लेखनको भूमिका

भाषा विचार विनिमय तथा ज्ञान आर्जनको महत्त्वपूर्ण माध्यम हो । भाषाका चार सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइ मध्ये लेखाइ सिप एउटा महत्त्वपूर्ण सिप हो । लेखाइबाट आफ्ना मनमा लागेका कुराहरु र भावनाहरुलाई शब्दका रूपमा सञ्चित गरेर अनन्त कालसम्म सुरक्षित राख्नको लागि लेखाइ सिपको प्रभावकारी भूमिका रहेको हुन्छ । संवाद लेखन, जीवनी लेखन, अनुच्छेद लेखन र कथा लेखनको जस्तै निबन्ध लेखनको पनि लेखाइ सिपको विकास गर्नमा उच्च स्थान रहेको छ ।

निबन्ध लेखन लेखन कलाको महत्त्वपूर्ण कार्यकलाप हो । यसका लागि विद्यार्थीहरुमा प्रशस्त प्रौढताको आवश्यकता पर्छ । यसमा स्वतन्त्र र निर्देशित दुबै किसिमका अभ्यास गराउन सकिन्छ । यसका लागि अनुच्छेद लेखनका निम्ति उपयोगी हुने खालका शीर्षकहरु नै पनि दिन सकिन्छ । निबन्धको मुख्य उद्देश्य निबन्ध लेखन सिप हासिल गर्नु र आफ्ना वस्तु तथ्यात्मक, भावनात्मक, वैचारिक आदि अभिव्यक्तिलाई विस्तारपूर्वक प्रतिपादन गरेर सो प्रतिपादनलाई पूर्वापर क्रम मिलाई शृङ्खला बद्ध रूपमा प्रस्तुति गर्ने सिप आर्जन गर्नु हो (शर्मा र पौडेल, २०६८ : १८६) । विद्यार्थीहरुमा भावनात्मक र विश्लेषणात्मक क्षमता बढाउनको लागि पनि निबन्ध लेखनले उल्लेखनीय भूमिका खेल्दछ ।

समग्रमा भन्नु पर्दा विद्यार्थीको लेखन सिपमा निखारता ल्याउनु वर्ण विन्यास, शब्द भण्डार, चिह्न प्रयोग, वाक्य गठन र व्याकरणगत विषय वस्तु आदि, मध्य र अन्त्यको ढाँचा मिलाएर लेखनको लागि समेत निबन्ध लेखनको महत्त्वपूर्ण भूमिका रहेको छ । त्यसैले लेखाइ सिपको विकास गर्नमा निबन्ध लेखनको उच्च भूमिका रहन्छ ।

#### २.२.४.२ माध्यमिक तहमा निबन्ध शिक्षणको आवश्यकता र महत्त्व

मौखिक भाषाको दाँजोमा लिखित रूपलाई शैक्षिक गतिविधि तथा प्रशासनिक कामकाजमा बढी कार्यान्वयनमा ल्याइन्छ । मानवीय अनुभव तथा ज्ञानलाई संरचित गर्न

तथा राष्ट्रिय-अन्तर्राष्ट्रिय क्षेत्रमा भाषालाई फैलाउन र सम्प्रेषण योग्य बनाउनको लागि भाषाको लिखित रूपको उल्लेख्य भूमिका रहेको हुन्छ । त्यसैले माध्यमिक तहका विद्यार्थीहरुमा लेखन सिपको विकास गर्नको लागि निबन्ध लेखनको आवश्यकता पर्दछ ।

सिकारुमा शैक्षिक, प्राज्ञिक र व्यावहारिक तथा मौखिक अभिव्यक्ति निकटका यावत् कुरा लेख्य रूपमा प्रस्तुत गर्ने क्षमता दिलाउन, स्वतन्त्र वा सिर्जनात्मक लेखनमा सामर्थ्य बढाउन उपयुक्त लेख्य चिह्न र लिपि प्रयोग गरी स्तरीय लेखन सिप प्राप्त गराउन, लेख्य रूपमा कलात्मक अभिव्यक्ति दिने सामर्थ्य बढाउन र जीवनका व्यावहारिक समस्या समाधान गरी आत्म निर्भर बनेर बाँच्ने लेखन सामर्थ्य दिलाउन लेखन कलाको आवश्यकता पर्दछ (पौडेल, २०७० : ८५) । त्यसैले विद्यार्थीहरुमा लेखन कलाको विकास गराउनको लागि निबन्ध लेखनको आवश्यकता पर्दछ ।

समग्रमा भन्नुपर्दा आफूले देखेका सुनेका, बोलेका र पढेका कुरालाई सिलसिला मिलाएर प्रस्तुत गर्न, कुनै पनि साहित्यिक कृतिलाई आदि, मध्य र अन्त्यको ढाँचामा मिलाएर लेख्नको लागि माध्यमिक तहमा निबन्ध लेखनको अभ्यास गराउनु आवश्यक मानिन्छ । आफ्नो स्वतन्त्र लेखनको सुसङ्गति रूपको पहिचान गराउन यसको आवश्यकता पर्दछ । साथै निबन्ध लेखनले शब्द भण्डार क्षमताको अभिवृद्धि गर्न, स्वतन्त्र विचार प्रकट गर्ने क्षमता बढाउन, क्रमिकताको निर्वाह गर्न र प्रसङ्ग वा भावले मागेको भाषागत सामर्थ्यको विकास गराउनको लागि माध्यमिक तहमा निबन्ध लेखनको आवश्यकता पर्दछ ।

### २.२.४.३ निबन्ध शिक्षणको प्रयोजन

निबन्ध शिक्षणको मुख्य प्रयोजन लेखन कलाको समुचित विकास गर्नु हो । यसबाट स्वतन्त्र लेखनको सुसङ्गठित रूपको पहिचान र अवलम्बनमा मद्दत मिल्दछ । त्यसका साथै अन्य सर्जकहरुका रचनालाई समीक्षात्मक तथा विश्लेषणात्मक ढङ्गले हेर्ने, बुझ्ने र आत्मसात् गर्ने क्षमताको पर्याप्त विकास भई साहित्यप्रति अनुराग बढाउन र त्यसको सिर्जना गर्न अभिप्रेरणा मिल्दछ (शर्मा र पौडेल, २०६८ : २६८) । त्यसै गरी शब्द भण्डारको विकास गर्नु पनि निबन्ध शिक्षणको मुख्य प्रयोजन हो ।

माध्यमिक तहका कक्षाहरुमा निबन्धलाई लेख्य विधाका रूपमा शिक्षण गरिन्छ । निबन्ध विधा शिक्षणबाट विद्यार्थीहरुमा शब्द भण्डार क्षमताको वृद्धि, मौलिक सिर्जनात्मक

अभिव्यक्ति बोधको अभ्यास, गहन पठन र गहनबोध शब्द प्रयोगगत विशिष्टता, विचारको प्रस्तुतीकरण र सङ्गठन, वाक्य गठन तथा अनुच्छेद गठनमा निपूर्णता प्राप्त हुन आउँछ । विद्यार्थीहरु आफैले देखे सुनेका, अनुभव गरेका र पढेका कुराहरुलाई शृङ्खला बद्ध ढङ्गले अभिव्यक्ति दिन सक्ने क्षमताको विकास गर्नु निबन्ध विधा शिक्षणको मुख्य प्रयोजन हो ।

**२.२.४.४ निबन्ध लेखन शिक्षणका कार्यकलाप**

विद्यार्थीहरुलाई निबन्ध लेखनको अभ्यास गराउँदा कुनै शीर्षक दिएर वा शीर्षकसँग सम्बन्धित प्रमुख बुँदा उल्लेख गरेर निबन्ध लेखन गराउन सकिन्छ । निबन्ध लेखन गर्दा विद्यार्थीहरुले निबन्धका भाव, विचार, भाषाशैली, विषय आदिको क्षमता अभिवृद्धि गर्ने अवसर प्राप्त गर्दछन् । विद्यार्थीहरुमा निबन्ध लेखनको अभ्यास गराउने क्रममा विभिन्न क्रियाकलापहरु गराउन सकिन्छ । कठिन शब्दहरुको उच्चारण गरी वाक्यमा प्रयोग गर्न लगाउने, अनुच्छेद लेखन, श्रुतिलेखन गराउने, विभिन्न ढाँचाका वाक्य बनाउन लगाउने गर्नु पर्दछ । यसका साथै अन्य क्रियाकलापहरु गराएर पनि विद्यार्थीहरुमा निबन्ध लेखनको अभ्यास गराउन सकिन्छ ।

निबन्ध लेखनमा अनुच्छेदहरुको सङ्गठनको निकै महत्त्व रहन्छ । प्रत्येक निबन्धमा कम्तिमा पनि तिन भाग हुनु आवश्यक छ । पहिलो अनुच्छेद परिचय भागसँग र अन्तिम अनुच्छेद समापन (उपसंहार) भागसँग सम्बन्धित हुन्छ । मध्य भाग चाहिँ एक वा एक भन्दा बढी अनुच्छेदसँग सम्बन्धित हुन्छ । यसरी निबन्धमा सुरुको अनुच्छेद परिचयात्मक हुन्छ भने मध्य भागमा रहेका एक वा सोभन्दा बढी अनुच्छेद विस्तार भागसँग सम्बन्धित हुन्छन् । विस्तार भाग विषय वस्तुको विस्तृतीकरण, व्याख्या वा समीक्षामा केन्द्रित हुन सक्छ । अन्तिम अनुच्छेद विभिन्न अनुच्छेदमा व्यक्त विचार सारांश वा निष्कर्ष दिने खालको हुन सक्छ (अधिकारी, २०६५ : १३८) । निबन्ध लेखनमा एक अनुच्छेदका कुरालाई अर्को अनुच्छेदसँग आबद्ध गराउँदै लैजानु आवश्यक हुन्छ ।

विद्यार्थीहरुमा लेखन सिपको विकास गर्न, मनमा लागेका कुरा शुद्ध र स्पष्टसँग अभिव्यक्त गर्न, तर्कशक्तिको विकास गर्न र आफ्ना भावना वा विचारहरुलाई शृङ्खलावद्ध रूपमा प्रस्तुत गर्न सक्ने क्षमताको विकास गराउनको लागि माध्यमिक तहमा निबन्ध लेखन शिक्षण गर्नु अनिवार्य मानिन्छ ।

## अध्याय तिन

# शोधविधि तथा अध्ययन प्रक्रिया

## ३.१ शोधविधि

कुनै पनि अनुसन्धानलाई अगाडि बढाउनको लागि वा त्यसबाट सफलता प्राप्त गर्नको लागि अध्ययनको आवश्यकता पर्दछ । अध्ययन गर्ने क्रममा विभिन्न विधिहरु अपनाउन सकिन्छ । त्यही अनुसन्धान कार्य सफल पार्नका लागि अपनाइने विभिन्न विधि वा माप दण्डलाई अध्ययन विधि भनिन्छ । यसले अनुसन्धान कार्यलाई सही र व्यवस्थित ढङ्गले अगाडि बढाउँछ र अनुसन्धानलाई निश्चित मार्ग दर्शन प्रदान गर्दछ । यसरी शोधकार्य गर्दा सुरुदेखि अन्तिमसम्म अपनाइने विधिलाई पूर्व योजनाका रूपमा व्यवस्थित गरिँदा मात्र अनुसन्धान कार्य सफल हुन आउँछ ।

प्रस्तुत अध्ययन दाङ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययनसँग सम्बन्धित रहेको छ । प्रस्तुत अध्ययन सम्पन्न गर्नका लागि विभिन्न विधिहरु अपनाइएको छ जसको चर्चा निम्नानुसार गरिएको छ :

### ३.१.१ पुस्तकालयीय अध्ययन विधि

प्रस्तुत अध्ययनमा निबन्ध लेखन सम्बन्धी सैद्धान्तिक अध्ययनका लागि विभिन्न सन्दर्भ सामग्री, विभिन्न कृति, लेख रचना, निबन्ध सम्बन्धी पुस्तकहरु र यस अघि निबन्ध लेखन, कथा लेखन आदि विषयमा भएका शोधपत्रहरु अध्ययन गरी सामग्री सङ्कलन गरी पुस्तकालयीय विधिको प्रयोग गरिएको छ ।

### ३.१.२ क्षेत्रीय अध्ययन विधि

निश्चित भौगोलिक क्षेत्रलाई सीमाङ्कन गरी त्यहाँको स्थानगत अध्ययन गरी यथार्थ परक अनुसन्धान गरिने विधिलाई क्षेत्रीय अध्ययन विधि भनिन्छ (भट्टराई २०६८ : ३६) । क्षेत्रीय अध्ययन विधि एक महत्त्वपूर्ण अध्ययन विधि मानिन्छ । यस अध्ययन विधि अन्तर्गत सामग्री सङ्कलनका क्रममा शोधार्थी स्वयम् उपस्थित भई दाङ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुलाई जनसङ्ख्याका रूपमा लिएको छ । जसमा सामुदायिक विद्यालयका ५० र संस्थागत विद्यालयका ५० गरी १०० जना विद्यार्थीहरुलाई समावेश गरिएको छ । जसमा छात्रा र छात्रको सङ्ख्या बराबर रहेको छ ।

## ३.२ शोध प्रक्रिया

दाङ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन कार्य सम्पन्न गर्न निम्न प्रक्रिया अपनाइएको छ :

### ३.२.१ जनसङ्ख्या तथा प्रतिनिधि नमुना छनोट

यस विधिमा सम्पूर्ण जनसङ्ख्या मध्येबाट प्रतिनिधित्व हुने गरी नमुना जनसङ्ख्या छनोट गरिएको छ । प्रस्तुत शोधकार्य दाङ जिल्लाका विभिन्न क्षेत्रका सामुदायिक पाँच र संस्थागत पाँच गरी प्रत्येक विद्यालयका १०/१० जना विद्यार्थीहरुलाई नमुना जनसङ्ख्याको रूपमा छनोट गरिएको छ । प्रत्येक विद्यालयका १०/१० जना विद्यार्थीहरु मध्ये ५/५ जना छात्रा र छात्रलाई लिइएको छ ।

## ३.३ सामग्री सङ्कलनका स्रोतहरु

प्रस्तुत अध्ययनमा तथ्याङ्क सङ्कलनका लागि प्राथमिक र द्‌वितीयक स्रोतहरुको उपयोग गरिएको छ, जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

### ३.३.१ प्राथमिक स्रोत

अनुसन्धान कर्ता आफैँले विभिन्न स्रोत साधनहरुको प्रयोग गरेर सङ्कलन गरिएका सामग्रीलाई प्राथमिक स्रोत भनिन्छ । प्रस्तुत अध्ययनका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्ने क्रममा दाङ जिल्लाका प्रतिनिधि नमुना छनोट गरेका विद्यालयबाट निर्धारित शीर्षक र समयमा निबन्ध लेखन प्रेरित गरिएको छ जसमा स्वतन्त्र र निर्देशित गरी दुई तरिकाबाट निबन्ध लेखन गराइएको छ । जसमा निर्देशित लेखमा कुनै एउटा शीर्षक दिई त्यससँग सम्बन्धित बुँदाहरु दिएर निबन्ध लेखन गराइएको छ भने स्वतन्त्र निबन्ध लेखनमा विभिन्न शीर्षकहरु दिई आफूलाई मन पर्ने शीर्षकमा निबन्ध लेखन गराइएको छ । त्यसका लागि निश्चित समय सीमा तोकिएको छ ।

### ३.३.२ द्‌वितीयक स्रोत

अनुसन्धान कर्ताले आफू भन्दा अघि अरू कसैले उपयोग र व्याख्या विश्लेषण गरेका सूचनाहरुको अध्ययन गरेमा त्यस्ता सामग्रीहरु द्‌वितीयक स्रोत सामग्री हुन् । प्रस्तुत शोधलाई सम्पन्न गर्नका लागि विभिन्न द्‌वितीयक स्रोतको उपयोग गरिएको छ । यस

क्रममा निबन्ध लेखन सम्बन्धी शोध पत्रहरु, विभिन्न पुस्तक, पत्र पत्रिका, लेख रचना आदिलाई द्वितीयक स्रोतका रूपमा लिइएको छ ।

## ३.४ सामग्री निर्माण

प्रस्तुत अध्ययनका क्रममा साधनको निर्माण गर्दा अध्ययनको उद्देश्य परिपूर्ति गर्न र यथार्थ परक नतिजा दिने विषय आवश्यक भएकाले शीर्षक चयन र शीर्षकसँग सम्बन्धित विभिन्न बुँदाहरु तय गरी अनुसन्धान गरिएको छ । निबन्ध लेखनका क्रममा स्वतन्त्र र निर्देशित गरी दुवै प्रकृतिका निबन्ध लेखन क्षमताको अध्ययन गरिएको छ । निर्देशित लेखनका लागि शीर्षक र शीर्षकसँग सम्बन्धित केही बुँदाहरु दिइएको छ भने स्वतन्त्र लेखनमा विभिन्न शीर्षक दिइ आफूलाई मनपर्ने शीर्षकमा निबन्ध लेखन गराइएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन र विश्लेषण

कुनै पनि कार्यलाई सही र व्यवस्थित तरिकाले अगाडि बढाउँदै त्यसको निष्कर्षमा पुग्नका लागि प्राप्त तथ्याङ्कको विश्लेषण गर्नु आवश्यक हुन्छ । यस अध्ययनमा स्वतन्त्र लेखन र निर्देशित लेखन गरी विद्यार्थीहरुलाई दुई तरिकाले निबन्ध लेखन गराइएको छ । जसमा स्वतन्त्र लेखनमा कुनै एक शीर्षकमा विद्यार्थीहरुलाई निबन्ध लेख्न दिइएको छ भने निर्देशित लेखनमा शीर्षक र त्यससँग सम्बन्धित केही बुँदाहरु दिई निर्देशित निबन्ध लेखन गराइएको छ । विद्यार्थीहरुबाट प्राप्त उत्तर पुस्तिकालाई विद्यालयको प्रकृति, लैङ्गिकताका विभिन्न आधारहरु लिएर तुलनात्मक रूपमा व्याख्या तथा विश्लेषण गरिएको छ । यस भित्र पनि विषय वस्तु, प्रस्तुतीकरण, भाषाशैली र भाषिक शुद्धताका आधारमा अङ्क विभाजन गरिएको छ । जसमा १०० पूर्णाङ्कको निबन्धमा विषय वस्तुमा ५०, प्रस्तुतीकरण २०, भाषा शैली २० र भाषिक शुद्धतामा १० गरी अङ्क विभाजन गरिएको छ । यसबाट प्राप्त नतिजालाई एक आपसमा तुलना गरी निष्कर्ष निकालिएको छ ।

शोध प्रस्तावको उद्देश्य अनुरूप सङ्कलन गरेको तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी प्रतिशत र मध्यमानका आधारमा प्राप्त नतिजाको व्याख्या विश्लेषण पश्चात् निष्कर्ष निकाली सोही आधारमा सुझावहरु समेत प्रस्तुत गरिएको छ ।

## ३.६ साङ्ख्यिकीको प्रयोग

### ३.६.१ तालिकीकरण

तथ्याङ्कलाई सरल र स्पष्टसँग बुझ्न तथा सरल र सहज किसिमले तथ्याङ्कको व्याख्या गर्नका लागि सङ्कलित तथ्याङ्कलाई तालिकीकरण गर्ने क्रममा तालिकाको शीर्षक दिएर तथ्यलाई प्रस्तुत गरिएको छ ।

### ३.६.२ मध्यमान

तथ्याङ्क सङ्कलनबाट प्राप्त अङ्कहरुको औसत मानलाई नै मध्यमान भनिन्छ । मध्यमान सरल, स्पष्ट र विश्वसनीय हुनाले मध्यमानको आधारमा समग्र तथ्याङ्कको व्याख्या विश्लेषण गरिएको छ ।

प्रस्तुत अध्ययनमा उपयोगमा ल्याइएका साङ्ख्यिकीय सूत्रहरु निम्नानुसार रहेका छन् ।

**१. मध्यमान (Mean) गणना गर्न प्रयोगमा ल्याइएको सूत्र**

$$\bar{X} = \frac{\Sigma fx}{N} \text{ वा } \frac{\Sigma x}{N}$$

यहाँ,

$\bar{X}$ = मध्यमान

f = बारम्बारता

X = तथ्याङ्क

N = अवलोकन सङ्ख्या

**२) मानक विचलनको गणना गर्दा प्रयोगमा ल्याइएको सूत्र**

$$\sigma = \sqrt{\frac{\Sigma fx^2 - \frac{(\Sigma fx)^2}{N}}{N}}$$

यहाँ,

Σ = योगफल

$fx$ = प्राप्ताङ्क र आवृत्तिको गुणन

$fx^2$ = प्राप्ताङ्क र आवृत्तिको गुणन फलको वर्ग

N = जम्मा सङ्ख्या

अतः माथि उल्लेखित सूत्रहरुका आधारमा तथ्याङ्कहरुको व्याख्या र विश्लेषण गरी प्रस्तुतीकरण गरिएको छ ।

## ३.७ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधको रूपरेखा निम्नानुसार रहेको छ :

**अध्याय एक : शोध परिचय**

प्रस्तुत शोध कार्यको शोध परिचय खण्डमा अध्ययनको पृष्ठभूमि, समस्या कथन, अध्ययनको उद्देश्य, सान्दर्भिकता, उपयोगिता र अध्ययनको सीमाङ्कन रहेका छन् ।

**अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा**

प्रस्तुत शोधकार्यको अध्याय दुईमा पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा रहेका छन् । सैद्धान्तिक अवधारणा अन्तर्गत निबन्धको परिचय, निबन्धको परिभाषा, निबन्धका तत्त्वहरु, लेखन सिपको विकासमा निबन्ध लेखनको भूमिका, निबन्ध शिक्षणको आवश्यकता र महत्त्व, निबन्ध लेखनको प्रयोजन र निबन्ध लेखन शिक्षणका कार्यकलापहरु समेटिएको छ ।

**अध्याय तिन : शोधविधि तथा अध्ययन प्रक्रिया**

प्रस्तुत शोध अध्ययनको अध्ययन विधि र प्रक्रिया अध्यायमा अध्ययन विधि, जनसङ्ख्या पहिचान, नमुना छनोट, क्षेत्रीय अध्ययन विधि, पुस्तकालयीय विधि, सामग्री सङ्कलनको स्रोतहरु, परीक्षणको कार्यान्वयन, विश्लेषण प्रक्रिया र अध्ययनको रूपरेखा प्रस्तुत गरिएको छ ।

**अध्याय चार : समग्र विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन**

यस अध्याय अन्तर्गत समग्र विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको स्थिति, विद्यार्थीहरुले प्राप्त गरेको प्राप्ताङ्क, मध्यमान, मानक विचलन र प्रतिशतका आधारमा विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको स्थिति प्रस्तुत गरिएको छ ।

**अध्याय पाँच : विद्यालयको प्रकृतिका आधारमा निबन्ध लेखन क्षमताको अध्ययन**

यस अध्याय अन्तर्गत विद्यालय प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको स्थिति देखाइएको छ । मध्यमान, मानक विचलन र प्रतिशतका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको स्थितिलाई तुलनात्मक रूपमा व्याख्या विश्लेषण गरिएको छ ।

**अध्याय छ : लैङ्गिकताका आधारमा निबन्ध लेखन क्षमताको अध्ययन**

यस अध्यायमा छात्र र छात्रा विद्यार्थीहरुले प्राप्त गरेको प्राप्ताङ्कका आधारमा मध्यमान, मानक विचलन र प्रतिशत निकालिएको छ । छात्र र छात्रा विद्यार्थीहरुले प्राप्त गरेको प्राप्ताङ्कलाई तुलनात्मक रूपमा प्रस्तुत गरिएको छ ।

**अध्याय सात : सारांश, निष्कर्ष र उपयोगिता**

यस अध्यायमा सारांश, निष्कर्ष र उपयोगिता प्रस्तुत गरिएको छ ।

**सन्दर्भ सामग्री सूची**

**परिशिष्ट**

**व्यक्तिवृत्त**

# अध्याय चार

# समग्र विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन

प्रस्तुत शोधपत्रमा विद्यार्थीहरुको निबन्ध लेखन क्षमता अध्ययनका लागि लिइएको परीक्षाबाट प्राप्त नतिजालाई तलको तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ :

## ४.१ प्राप्ताङ्कको आधारमा समग्र विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको स्थिति

दाङ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरु मध्ये छनोटमा परेका १०० जना विद्यार्थीहरुको आधारमा कक्षा नौमा अध्ययनरत समग्र विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको स्थितिको विश्लेषण यहाँ गरिएको छ ।

सङ्कलित तथ्याङ्कबाट प्राप्त प्राप्ताङ्कका आधारमा समग्र विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. १**


**प्राप्ताङ्कको आधारमा समग्र विद्यार्थीहरुको निबन्ध लेखन क्षमता**

| जम्मा सं | २० भन्दा कम अङ्क ल्याउने | | २०-३० अङ्क ल्याउने | | ३१-४० अङ्क ल्याउने | | ४१-५० अङ्क ल्याउने | | ५१-६० अङ्क ल्याउने | | ६१-७० अङ्क ल्याउने | | ७० भन्दा माथि ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सं. | प्र. | सं. | प्र. | सं. | प्र. | सं. | प्र. | सं. | प्र. | सं. | प्र. | सं. | प्र. |
| १०० | ८ | ८ | १२ | १२ | २२ | २२ | १७ | १७ | २३ | २३ | १५ | १५ | ३ | ३ |

माथि दिइएको तालिका अनुसार समग्र विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अङ्क विश्लेषण गर्दा यहाँ नमुना छनोटमा परेका कुल विद्यार्थीहरुको प्राप्ताङ्कलाई सात श्रेणीमा विभाजन गरिएको छ । जसमा २० भन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ८ रहेको छ । त्यसै गरी २०-३० अङ्क ल्याउने १२ जना अर्थात् १२ प्रतिशत, ३१ देखि ४० अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १७ अर्थात् १७ प्रतिशत, ५१ देखि ६० अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २३ अर्थात् २३ प्रतिशत, ६१ देखि ७० अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १५ अर्थात् १५ प्रतिशत रहेको छ भने ७० भन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३ अर्थात् ३ प्रतिशत देखिन्छ ।

**चित्र नं. १**

**प्राप्ताङ्कको आधारमा समग्र विद्यार्थीहरुको निबन्ध लेखन क्षमता**




माथिको नतिजाको आधारमा विश्लेषण गर्दा सबैभन्दा तल्लो तहमा ८ जना, सामान्य श्रेणीमा ३४ जना मध्यम श्रेणीमा ४० जना र त्योभन्दा माथिको श्रेणीमा अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १८ देखिन्छ । समग्रमा दाङ जिल्लाका विद्यार्थीहरुको निबन्ध लेखन क्षमता सन्तोषजनक रहेको मानिन्छ ।

## ४.२ मध्यमान, मानक विचलन र प्रतिशतका आधारमा समग्र विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको स्थिति

सङ्कलित तथ्याङ्कबाट प्राप्त मध्यमानका आधारमा समग्र विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. २**


**मध्यमानका आधारमा समग्र विद्यार्थीहरुको निबन्ध लेखन क्षमता**

| जम्मा विद्यार्थी सं. | मध्यमान | मानक विचलन | मध्यमान भन्दा माथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ४४.४९ | ४.७३ | ५३ | ५३ | ४७ | ४७ |

माथिको तालिकामा दाङ जिल्लाका कक्षा नौमा अध्ययनरत ५ सामुदायिक र ५ संस्थागत विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखनमा प्राप्ताङ्कको मध्यमान ४४.४९ रहेको छ । जसलाई प्रतिशतमा गणना गर्दा ४४.४९ नै हुन आउँछ । मध्यमान भन्दा बढी अङ्क ल्याउने ५३ जना अर्थात् ५३ प्रतिशत र मध्यमान भन्दा कम अङ्क ल्याउने ४४ जना अर्थात् ४७ प्रतिशत रहेको छ । १०० पूर्णाङ्कको परीक्षामा विद्यार्थीहरुको मानक विचलन भने ४.७३ रहेको छ ।

**चित्र नं. २**

**मध्यमानका आधारमा समग्र विद्यार्थीहरुको निबन्ध लेखन क्षमता**




यसरी हेर्दा मध्यमान भन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या बढी र मध्यमान भन्दा तल अङ्क ल्याउने विद्यार्थी सङ्ख्या कम रहेकाले समग्रमा विद्यार्थीहरुको निबन्ध लेखन क्षमता राम्रै देखिन्छ ।

## अध्याय पाँच

# विद्यालयको प्रकृतिका आधारमा निबन्ध लेखन क्षमताको अध्ययन

दाङ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरु मध्ये छनोटमा परेका १०० जना विद्यार्थीहरुका उत्तरहरुको आधारमा कक्षा नौका सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको स्थिति यहाँ विश्लेषण गरिएको छ ।

## ५.१ सामुदायिक विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययनमा विद्यालयको प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयलाई आधार बनाइएको छ । जसमा दाङ जिल्लाका पाँच सामुदायिक विद्यालयका ५० र पाँच संस्थागत विद्यालयका ५० जना विद्यार्थीहरु रहेका छन् । छनोटमा परेका सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको व्याख्या तथा विश्लेषण तलको तालिकामा गरिएको छ ।

### ५.१.१ प्राप्ताङ्कका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययनमा नमुनाका रूपमा परेका दाङ जिल्लाका पाँच सामुदायिक विद्यालयका १०/१० जनाका दरले ५० जना कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको स्थितिलाई तलको तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका नं. ३**


**प्राप्ताङ्कका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन क्षमता**

| जम्मा सं | २० भन्दा कम अङ्क ल्याउने | | २०-३० अङ्क ल्याउने | | ३१-४० अङ्क ल्याउने | | ४१-५० अङ्क ल्याउने | | ५१-६० अङ्क ल्याउने | | ६१-७० अङ्क ल्याउने | | ७० भन्दा माथि ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सं. | प्र. | सं. | प्र. | सं. | प्र. | सं. | प्र. | सं. | प्र. | सं. | प्र. | सं. | प्र. |
| ५० | ४ | ८ | ५ | १० | १० | २० | ९ | १८ | १० | २० | ११ | २२ | १ | २ |

माथिको तालिका अनुसार सामुदायिक विद्यालयका ५० जना विद्यार्थीहरुलाई १०० पूर्णाङ्कको निबन्ध लेखन क्षमतामा सबैभन्दा कम अङ्क अर्थात् २० भन्दा कम अङ्क ल्याउने ४ जना अर्थात् ८ प्रतिशत रहेको छ । २०-३० अङ्क ल्याउने ५ जना अर्थात् १० प्रतिशत त्यसै गरी ३१ देखि ४० अङ्क ल्याउने १० जना अर्थात् २० प्रतिशत, ४१ देखि ५० अङ्क ल्याउने ९ जना अर्थात् १८ प्रतिशत, ५१ देखि ६० अङ्क ल्याउने १० जना अर्थात् २० प्रतिशत, ६१ देखि ७० अङ्क ल्याउने ११ जना अर्थात २२ प्रतिशत र ७० भन्दा माथि अङ्क ल्याउने १  जना अर्थात् २ प्रतिशत विद्यार्थीहरु रहेका छन् ।

**चित्र नं. ३**

**प्राप्ताङ्कका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन क्षमता**




माथिको स्तम्भ चित्रमा हेर्दा ३० भन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ९ र ३० भन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ४१ रहेकाले समग्रमा सामुदायिक विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन क्षमता मध्यम मान्न सकिन्छ ।

### ५.१.२ मध्यमान मानक विचलन र प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको स्थिति

सङ्कतित तथ्याङ्कबाट प्राप्त प्राप्ताङ्कको आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

## तालिका नं. ४


### मध्यमान, मानक विचलन र प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन क्षमता

| जम्मा विद्यार्थी सं. | मध्यमान | प्रतिशत | मानक विचलन | मध्यमान भन्दा माथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ४५.०६ | ४५.०६ | ६.८९ | २८ | ५६ | २२ | ४४ |

उपर्युक्त तालिकामा दाङ जिल्लाका पाँच सामुदायिक विद्यालयका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुले निबन्ध लेखनमा प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ४५.०६ देखिएको छ भने प्रतिशत पनि ४५.०६ नै रहेको छ । मध्यमानलाई आधार मानी हेर्दा मध्यमान भन्दा माथि अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या २८ र प्रतशित ५६ रहेको छ भने मध्यमान भन्दा कम अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या २२ र प्रतिशत ४४ रहेको पाइन्छ । त्यसै गरी उक्त तालिकामा मध्यमान देखिको मानक विचलन ६.८९ रहेको छ ।

## चित्र नं. ४

### मध्यमान, मानक विचलन र प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरुका निबन्ध लेखन क्षमता



यसरी मध्यमान भन्दा बढी अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या २८ अर्थात् ५६ प्रतिशत र मध्यमान भन्दा कम अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या २२ अर्थात् ४४ प्रतिशत रहेकाले विद्यार्थीहरुको निबन्ध लेखन क्षमता राम्रो रहेको मान्न सकिन्छ ।

## ५.२ संस्थागत विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययनमा दाङ जिल्लाका ५ संस्थागत विद्यालयलाई नमुनाका रूपमा छनोट गरिएको छ । छनोटमा परेका पाँच संस्थागत विद्यालयका १०/१० जना दरले जम्मा ५० जना विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको स्थिति निम्नानुसार रहेको छ :

### ५.२.१ प्राप्ताङ्कका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको स्थिति

सङ्कलित तथ्याङ्कबाट प्राप्त प्राप्ताङ्कका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ५**


**प्राप्ताङ्कका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन क्षमता**

| जम्मा सं | २० भन्दा कम अङ्क ल्याउने | | २०-३० अङ्क ल्याउने | | ३१-४० अङ्क ल्याउने | | ४१-५० अङ्क ल्याउने | | ५१-६० अङ्क ल्याउने | | ६१-७० अङ्क ल्याउने | | ७० भन्दा माथि ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सं. | प्र. | सं. | प्र. | सं. | प्र. | सं. | प्र. | सं. | प्र. | सं. | प्र. | सं. | प्र. |
| ५० | ३ | ६ | ५ | १० | १४ | २८ | ७ | १४ | १६ | ३२ | ४ | ८ | १ | २ |

माथिको तालिका अनुसार २० भन्दा कम अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या ३ अर्थात् ६ प्रतिशत, २० देखि ३० अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या ५ अर्थात् १० प्रतिशत ३१ देखि ४० अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या १४ अर्थात्, २८ प्रतिशत, ४१ देखि ५० अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या ७ अर्थात् १४ प्रतिशत, ५१ देखि ६० अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या १६ अर्थात् ३२ प्रतिशत, ६१ देखि ७० अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या ४ अर्थात् ८ प्रतिशत रहेको छ भने ७० भन्दा माथि अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या १ रहेको पाइन्छ ।

### चित्र नं. ५

### प्राप्ताङ्कका आधारमा संस्थागत विद्यालयको निबन्ध लेखन क्षमता




यसरी माथिको चित्रलाई आधार मानी हेर्दा संस्थागत विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन क्षमता ठीकै रहेको मान्न सकिन्छ ।

### ५.२.२ मध्यमान, मानक विचलन र प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको स्थिति

सङ्कलित तथ्याङ्कबाट प्राप्त प्राप्ताङ्कका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

### तालिका नं. ६


### मध्यमान, प्रतिशत र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन क्षमता

| जम्मा विद्यार्थी सं. | मध्यमान | प्रतिशत | मानक विचलन | मध्यमान भन्दा माथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ४२.९ | ४२.९ | ६.४८ | २९ | ५८ | २१ | ४२ |

माथि देखाइएको तालिकाका आधारमा दाङ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ४२.९ देखिएको छ । जसलाई प्रतिशतमा गणना गर्दा ४२.९ नै हुन्छ । मध्यमानलाई आधार मानी हेर्दा मध्यमान भन्दा माथि अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या २९ र प्रतिशत ५८ रहेको छ भने मध्यमान भन्दा कम अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या २१ र प्रतिशत ४२ रहेको छ । त्यसै गरी उक्त तालिकामा मध्यमान देखिको मानक विचलन ६.४८ प्रतिशत रहेको छ । मध्यमान भन्दा माथि रहेका विद्यार्थीहरुको सङ्ख्या २९ रहेको छ भने मध्यमान भन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २१ रहेको छ । जसबाट संस्थागत विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन क्षमता सन्तोषजनक मान्न सकिन्छ ।

**चित्र नं. ६**

**मध्यमान, प्रतिशत र मानक विचलनका आधारमा विद्यार्थीहरुको निबन्ध लेखन क्षमता**




माथिको चित्रलाई हेर्दा मध्यमान भन्दा माथि २९ अर्थात् ५८ प्रतिशत र मध्यमान भन्दा तल २१ अर्थात् ४२ प्रतिशत रहेको छ ।

### ५.२.३ सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति

सङ्कलित तथ्याङ्कबाट प्राप्त नतिजाका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको तुलनात्मक स्थितिलाई तलको तालिकामा देखाइएको छ :

**तालिका नं. ७**

**सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको तुलना**


| समुह | विद्यार्थी सं. | समग्र मध्यमान | मध्यमान | मानक विचलन | मध्यमान भन्दा माथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सामुदायिक | ५० | ४४.४९ | ५४.०६ | ६.८९ | २८ | ५६ | २२ | ४४ |
| संस्थागत | ५० | | ४२.९ | ६.४८ | २९ | ५८ | २१ | ४२ |

माथि दिइएको तालिका अनुसार विद्यालयको प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति देखाइएको छ जसमा दाङ जिल्लाका ५ सामुदायिक र ५ संस्थागत विद्यालयलाई नमुनाका रूपमा लिइएको छ । प्रत्येक विद्यालयबाट १०/१० जनाका दरले जम्मा १०० जना विद्यार्थीहरुलाई नमुनाका रूपमा लिइएको छ । तसर्थ तालिका अनुसार यहाँ १०० जना विद्यार्थीहरुले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ४४.४९ रहेको छ। त्यसै गरी सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान र मानक विलचन छुट्टा छुट्टै रहेको छ। जसमा सामुदायिक विद्यालयका विद्यार्थीहरुले प्राप्त गरेको मध्यमान ४५.६ रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरुले प्राप्त गरेको मध्यमान ४२.९ रहेको छ । त्यसै गरी सामुदायिक विद्यालयका विद्यार्थीको मानक विचलन ६.८९ रहेको छ भने संस्थागत विद्यालका विद्यार्थीहरुको मानक विचलन ६.४८ देखिन्छ। यसरी सामुदायिक विद्यालयका

विद्यार्थीहरुको निबन्ध लेखन क्षमतालाई हेर्दा मध्यमान भन्दा माथि अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या २८ अर्थात् ५६ प्रतिशत देखिन्छ भने मध्यमान भन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २२ र प्रतिशत ४४ रहेको छ । त्यसै गरी संस्थागत विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन क्षमतामा मध्यमान भन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २९ अर्थात् ५८ प्रतिशत र मध्यमान भन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २१ अर्थात् ४२ प्रतिशत रहेको पाइन्छ । तसर्थ सामुदायिक र संस्थागत दुवै विद्यालका विद्यार्थीहरुको नतिजालाई हेर्दा सामुदायिक विद्यालय भन्दा संस्थागत विद्यालयका विद्यार्थीको निबन्ध लेखन क्षमता २ प्रतिशतले बढी देखिएकाले सामुदायिक विद्यालय भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन क्षमता राम्रो रहेको देखिन्छ ।

**चित्र नं. ७**

**सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको तुलना**




माथिको चित्रमा सामुदायिक विद्यालयमा मध्यमान भन्दा माथि अङ्क ल्याउने ५६ प्रतिशत र मध्यमान भन्दा तल अङ्क ल्याउने ४४ प्रतिशत रहेको छ । त्यस्तै संस्थागत विद्यालयमा मध्यमान भन्दा माथि अङ्क ल्याउने ५८ प्रतिशत र मध्यमान भन्दा तल अङ्क ल्याउने ४२ प्रतिशत रहेको देखिन्छ ।

## अध्याय छ

# लैङ्गिकताका आधारमा निबन्ध लेखन क्षमताको अध्ययन

दाङ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरु मध्ये छनोटमा परेका १०० जना विद्यार्थीहरुको प्राप्ताङ्कको आधारमा कक्षा नौमा अध्ययनरत छात्र र छात्रा विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको विश्लेषण गरिएको छ ।

## ६.१ छात्र विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको स्थिति

दाङ जिल्लाका ५ सामुदायिक र ५ संस्थागत विद्यालयका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन गर्दा लैङ्गिकताका आधारमा विद्यार्थीहरुलाई छात्र र छात्रामा विभाजन गरिएको छ । प्रस्तुत अध्ययनमा लैङ्गिक दृष्टिकोणले कक्षा नौमा अध्ययनरत छात्र र छात्रा विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको व्याख्या तथा विश्लेषण तलको तालिकामा छुट्टा छुट्टै रूपमा प्रस्तुत गरिएको छ ।

### ६.१.१ प्राप्ताङ्कका आधारमा छात्र विद्यार्थीहरुको निबन्ध लेखन क्षमताका स्थिति

प्रस्तुत अध्ययनमा छनोटमा परेका १०० जना विद्यार्थीहरु मध्ये ५० जना छात्र विद्यार्थीहरुलाई मात्र नमुनाको रूपमा लिइएको छ । नमुनाका रूपमा लिइएका छात्र विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको स्थिति निम्नानुसार रहेको छ :

**तालिका नं. ८**

**प्राप्ताङ्कका आधारमा छात्र विद्यार्थीहरुको निबन्ध लेखन क्षमता**


| जम्मा सं | २० भन्दा कम अङ्क ल्याउने | | २०-३० अङ्क ल्याउने | | ३१-४० अङ्क ल्याउने | | ४१-५० अङ्क ल्याउने | | ५१-६० अङ्क ल्याउने | | ६१-७० अङ्क ल्याउने | | ७० भन्दा माथि ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सं. | प्र. | सं. | प्र. | सं. | प्र. | सं. | प्र. | सं. | प्र. | सं. | प्र. | सं. | प्र. |
| ५० | ३ | ६ | ५ | १० | ११ | २२ | ९ | १८ | १५ | ३० | ६ | १२ | १ | २ |

प्रस्तुत तालिकामा कक्षा नौमा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका छात्र विद्यार्थीहरुले प्राप्त गरेको प्राप्ताङ्कलाई विश्लेषण गरी देखाइएको छ । यस तालिका

अनुसार ५० जना छात्र विद्यार्थीहरुमध्ये ३० भन्दा कम अङ्क ल्याउने ३ जना अर्थात् ६ प्रतिशत त्यसै गरी २०-३० अङ्क ल्याउने ५ जना अर्थात् १० प्रतिशत, ३१ देखि ४० अङ्क ल्याउने ११ जना अर्थात् २२ प्रतिशत, ४१-५० अङ्क ल्याउने ९ जना अर्थात् १८ प्रतिशत, ५१ देखि ६० अङ्क ल्याउने १५ जना अर्थात् ३० प्रतिशत, ६१ देखि ७० अङ्क ल्याउने ६ जना अर्थात् १२ प्रतिशत र ७० अङ्क भन्दा माथि ल्याउने विद्यार्थीको सङ्ख्या १ अर्थात् २ प्रतिशत रहेको देखिन्छ ।

**चित्र नं. ८**

**प्राप्ताङ्कका आधारमा छात्र विद्यार्थीहरुको निबन्ध लेखन क्षमता**




यसरी सङ्ख्याका आधारमा हेर्दा ३० भन्दा कम अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या ७ र ३० भन्दा माथि अङ्क ल्याउनेको सङ्ख्या ४३ रहेकाले समग्रमा छात्र विद्यार्थीहरुको निबन्ध लेखन क्षमता राम्रो रहेको देखिन्छ ।

### ६.१.२ मध्यमान, प्रतिशत र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको स्थिति

तथ्याङ्कबाट प्राप्त प्राप्ताङ्कको मध्यमान, प्रतिशत र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ९**


**मध्यमान, प्रतिशत र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरुको निबन्ध लेखन क्षमता**

| विद्यार्थी सं. | मध्यमान | प्रतिशत | मानक विचलन | मध्यमान भन्दा माथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ४३.२६ | ४३.२६ | ६.६३ | २९ | ५८ | २१ | ४२ |

माथिको तालिका अनुसार जम्मा ५० जना छात्र विद्यार्थीहरुले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ४३.२६, प्रतिशत ४३.२६ र मानक विचलन ६.६३ रहेको पाइयो । उक्त परीक्षणमा मध्यमान भन्दा माथि रहेका विद्यार्थीहरुको सङ्ख्या २९ अर्थात् ५८ प्रतिशत, त्यसै गरी मध्यमान भन्दा तल रहेका विद्यार्थीहरुको सङ्ख्या ३१ अर्थात् ४२ प्रतिशत रहेको पाइन्छ । प्राप्त तथ्याङ्कका आधारमा छात्र विद्यार्थीहरुको निबन्ध लेखन क्षमता राम्रो रहेको देखिन्छ ।

**चित्र नं. ९**

**मध्यमान, प्रतिशत र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरुको निबन्ध लेखन क्षमता**




माथिको चित्रका आधारमा मध्यमान भन्दा माथि अङ्क ल्याउने २९ अर्थात् ५८ प्रतिशत र मध्यमान भन्दा तल अङ्क ल्याउने २१ अर्थात् ४२ प्रतिशत रहेको छ।

## ६.२ छात्रा विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययनमा दाङ जिल्लाका ५ सामुदायिक र ५ संस्थागत विद्यालयका जम्मा ५० जना छात्रालाई नमुनाका रूपमा छनोट गरिएको छ । छनोटमा परेका कक्षा नौमा अध्ययनरत छात्रा विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको स्थिति निम्नानुसार रहेको छ।

### ६.२.१ प्राप्ताङ्कका आधारमा छात्रा विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको स्थिति

सङ्कलित तथ्याङ्कबाट प्राप्त प्राप्ताङ्कका आधारमा छात्रा विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

## तालिका १०


## प्राप्ताङ्कका आधारमा छात्रा विद्यार्थीहरुको निबन्ध लेखन क्षमता

| वि. सं | २० भन्दा कम अङ्क ल्याउने | | २०-३० अङ्क ल्याउने | | ३१-४० अङ्क ल्याउने | | ४१-५० अङ्क ल्याउने | | ५१-६० अङ्क ल्याउने | | ६१-७० अङ्क ल्याउने | | ७० भन्दा माथि ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सं. | प्र. | सं. | प्र. | सं. | प्र. | सं. | प्र. | सं. | प्र. | सं. | प्र. | सं. | प्र. |
| ५० | ४ | ८ | ५ | १० | १३ | २६ | ७ | १४ | ११ | २२ | ९ | १८ | १ | २ |

माथि देखाइएको तालिका अनुसार ५० जना छात्रा विद्यार्थीहरुमा गराइएको निबन्ध लेखनमा २० भन्दा कम अङ्क ल्याउने ४ जना अर्थात् ८ प्रतिशत, २०-३० अङ्क ल्याउने ५ जना अर्थात् १० प्रतिशत, ३१-४० अङ्क ल्याउने १३ जना अर्थात् २६ प्रतिशत, ४१ देखि ५० अङ्क ल्याउने ७ जना अर्थात् १४ प्रतिशत, ५१ देखि ६० अङ्क ल्याउने ११ जना अर्थात् २२ प्रतिशत, ६१ देखि ७० अङ्क ल्याउने ९ जना अर्थात् १८ प्रतिशत र ७० भन्दा माथि अङ्क ल्याउने १ जना अर्थात् २ प्रतिशत विद्यार्थी रहेका छन् ।

## चित्र नं. १०

## प्राप्ताङ्कका आधारमा छात्रा विद्यार्थीहरुको निबन्ध लेखन क्षमता



प्रस्तुत प्राप्ताङ्कका आधारमा हेर्दा ३० भन्दा कम अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या ९ र ३० भन्दा माथि अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या ४१ रहेकाले समग्रमा छात्रा विद्यार्थीहरुको निबन्ध लेखन क्षमता ठिकै मान्न सकिन्छ ।

### ६.२.२ मध्यमान, प्रतिशत र मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको स्थिति

तथ्याङ्कबाट प्राप्त प्राप्ताङ्कको मध्यमान, प्रतिशत र मानक विचलनको आधारमा छात्रा विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ११**


**मध्यमान, मानक विचलन र प्रतिशतका आधारमा छात्रा विद्यार्थीहरुको निबन्ध लेखन क्षमता**

| विद्यार्थी सं. | पूर्णाङ्क | मध्यमान | प्रतिशत | मानक विचलन | मध्यमान भन्दा माथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १०० | ४४.७ | ४४.७ | ६.७४ | २५ | ५० | २५ | ५० |

प्रस्तुत तालिकामा कक्षा नौमा अध्ययनरत छात्रा विद्यार्थीहरुको निबन्ध लेखनमा प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ४४.७, मानक विचलन ६.७४ र प्रतिशत ४४.७ रहेको पाइयो । उक्त तालिकाको मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरुको सङ्ख्या २५ प्रतिशत ५० रहेको छ भने मध्यमान भन्दा तल रहेका विद्यार्थीको सङ्ख्या पनि २५ र प्रतिशत ५० नै रहेको छ ।

चित्र नं. ११

**मध्यमान, मानक विचलन र प्रतिशतका आधारमा छात्र विद्यार्थीहरुको निबन्ध लेखन क्षमता**




प्रस्तुत तालिकाका आधारमा मध्यमानभन्दा बढी र मध्यमान भन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरुको सङ्ख्या बराबर नै रहेकाले छात्रा विद्यार्थीहरुको निबन्ध लेखन क्षमता ठिकै देखिन्छ ।

### ६.२.३ छात्र र छात्रा विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति

प्राप्त तथ्याङ्कका आधारमा छात्र र छात्रा विद्यार्थीको निबन्ध लेखन क्षमताको तुलनात्मक स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका १२**

**छात्र र छात्रा विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको तुलना**


| समुह | विद्यार्थी सं. | समग्र मध्यमान | मध्यमान | प्रतिशत | मानक विचलन | मध्यमान भन्दा माथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| छात्रा | ५० | ४४.४९ | ४४.७ | ४४.७ | ६.७४ | २५ | ५० | २५ | ५० |
| छात्र | ५० | | ४३.२६ | ४३.२६ | ६.६३ | २९ | ५८ | २१ | ४२ |

माथिको तालिका अनुसार लैङ्गिकताका आधारमा छात्र र छात्रा विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको स्थिति देखाइएको छ। तालिका अनुसार समग्र विद्यार्थीहरुको मध्यमान ४४.४९ रहेको छ भने छात्रा र छात्र विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्क, प्रतिशत र मानक विचलनलाई छुट्टा छुट्टै देखाइएको छ । जस अन्तर्गत छात्राहरुले प्राप्त गरेको मध्यमान ४४.७, मानक विचलन ६.७४ र प्रतिशत ४४.७ रहेको छ। त्यसै गरी छात्रहरुले प्राप्त गरेको मध्यमान ४३.२६, मानक विचलन ६.६३ र प्रतिशत ४३.२६ रहेको पाइन्छ।

त्यसै गरी छात्राहरुले प्राप्त गरेको मध्यमान भन्दा बढी अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या २५ र प्रतिशत ५० र मध्यमानभन्दा कम अङ्क ल्याउने छात्राहरुको सङ्ख्या २५ अर्थात् ५० प्रतिशत नै देखिन्छ। त्यसै गरी छात्रहरुले प्राप्त गरेको प्राप्ताङ्कलाई हेर्दा मध्यमान भन्दा बढी अङ्क ल्याउने छात्रहरुको सङ्ख्या २९ र प्रतिशत ५८ रहेको छ भने मध्यमान भन्दा कम अङ्क ल्याउने छात्रहरुको सङ्ख्या २१ अर्थात् ४२ प्रतिशत देखिन्छ । तसर्थ छात्र र छात्राहरुको निबन्ध लेखन क्षमतालाई तुलना गरेर हेर्दा छात्राहरुको तुलनामा मध्यमान भन्दा बढी अङ्क ल्याउने छात्रहरुको निबन्ध लेखन क्षमता ४ प्रतिशतले बढी देखिन्छ।

**चित्र नं. १२**

**छात्र र छात्रा विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको तुलना**




त्यसैले माथिको तथ्याङ्कलाई केलाउँदा छात्राहरुको भन्दा छात्रहरुको निबन्ध लेखन क्षमता २ प्रतिशतले बढी देखिन्छ । त्यसैले छात्राहरुको तुलनामा छात्रहरुको निबन्ध लेखन क्षमता उच्च देखिन्छ।

### अध्याय सात

# सारांश, निष्कर्ष र उपयोगिता

## ७.१ सारांश

भाषाका चार सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइ मध्ये लेखाइ सिप एउटा महत्त्वपूर्ण सिप हो । विद्यार्थीहरुमा शुद्ध र स्तरीय भाषा प्रयोग गर्नका लागि लेखाइ सिपले उल्लेखनीय भूमिका खेल्दछ । निबन्ध लेखन लेखन कला सिपको उच्च स्तरीय सिप अन्तर्गत पर्दछ । त्यसैले प्रारम्भिक तहबाटै विद्यार्थीहरुमा लेखन सिपको विकास गर्नका लागि निबन्ध लेखनको आवश्यकता पर्दछ ।

यस अध्ययनमा प्रस्तुत शोध कार्यलाई पहिलो, दोस्रो, तेस्रो, चौँथो, पाँचौँ, छैठौं र सातौँ गरी जम्मा सात अध्यायमा विभाजन गरिएको छ । प्रत्येक अध्यायलाई विभिन्न शीर्षक र उपशीर्षकमा विभाजन गरिएको छ ।

अध्याय एकमा शोध परिचय र यस अन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्या कथन, शोध कार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, सान्दर्भिकता र उपयोगिता, अध्ययनको सीमाङ्कन आदि पर्दछन् ।

अध्याय दुईमा सैद्धान्तिक अवधारणालाई समेटिएको छ । यस अन्तर्गत निबन्धको परिचय, निबन्धको परिभाषा, निबन्धका तत्त्वहरु, निबन्ध लेखनको भूमिका, निबन्ध शिक्षणको प्रयोजन, निबन्ध शिक्षणको आवश्यकता र महत्त्व र निबन्ध लेखनका क्रियाकलापहरु समेटिएका छन् ।

अध्याय तिनमा शोध विधि र प्रक्रियालाई राखिएको छ । जस अन्तर्गत शोध विधिमा पुस्तकालयीय विधि, क्षेत्रीय अध्ययन विधि, जनसङ्ख्या, नमुना छनोट त्यसै गरी सामग्री संकलनका स्रोतहरु, तथ्याङ्क संकलन र विश्लेषण, अनुसन्धानमा साङ्ख्यिकीको प्रयोग र शोधपत्रको रूपरेखालाई समेटिएको छ ।

अध्याय चारमा समग्र विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन, प्राप्ताङ्कका आधारमा समग्र विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको स्थिति र मध्यमान, मानक विचलन

र प्रतिशतका आधारमा समग्र विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको स्थितिलाई प्रस्तुत गरिएको छ ।

अध्याय पाँच अन्तर्गत विद्यालय प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन, प्राप्ताङ्कका आधारमा विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको स्थिति र मध्यमान, मानक विचलन र प्रतिशतका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको स्थितिलाई तुलनात्मक रूपमा व्याख्या र विश्लेषण गरिएको छ ।

अध्याय छमा लैङ्गिकताका आधारमा विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन, प्राप्ताङ्कका आधारमा छात्र र छात्रा विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको स्थिति र मध्यमान, मानक विचलन र प्रतिशतका आधारमा छात्रा र छात्र विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको तुलनात्मक रूपमा व्याख्या र विश्लेषण गरिएको छ ।

अध्याय सात अन्तर्गत सारांश, निष्कर्ष र उपयोगिता प्रस्तुत गरिएको छ ।

समग्रमा हेर्दा विद्यार्थीहरुले निबन्ध लेखनका क्रममा विषय वस्तुलाई आदि, मध्य र अन्त्यको ढाँचामा मिलाएर लेख्न नजानेको देखियो । भाषाशैली राम्रो भए तापनि विद्यार्थीहरुको भाषिक शुद्धतामा भने कमजोरी देखिन्छ । त्यसैले विद्यार्थीहरुमा देखिएका यस्ता कमजोरीहरु हटाइ लेखनकला सिपको उच्च स्तरीय विकासका लागि निबन्ध लेखनको अभ्यास गराउनु अनिवार्य मानिन्छ । विद्यार्थीहरुले प्राप्त गरेको प्राप्ताङ्क, मध्यमान र प्रतिशतको आधारमा हेर्दा सामुदायिक भन्दा संस्थागत र स्वतन्त्र लेखन भन्दा निर्देशित लेखनमा विद्यार्थीहरुको लेखन क्षमता राम्रो देखिन्छ । त्यसै गरी लैङ्गिकताका आधारमा विद्यार्थीहरुको लेखन क्षमताको तुलना गर्दा छात्राहरुको तुलनामा छात्र विद्यार्थीहरुको निबन्ध लेखन क्षमता उच्च देखिन्छ ।

## ७.२ निष्कर्ष

मौखिक भाषाको दाँजोमा भाषाको लिखित रूपलाई शैक्षिक गतिविधि तथा प्रशासनिक कामकाजमा बढी कार्यान्वयनमा ल्याइन्छ । मानवीय अनुभव तथा ज्ञानलाई संरचित गर्न तथा राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा फैलाउन र सम्प्रेषण योग्य बनाउनको लागि भाषाको लिखित रूपको उल्लेख्य भूमिका रहेको हुन्छ । त्यसैले प्रारम्भिक तहबाटै

विद्यार्थीहरुमा लेखन सिपको विकास गराउनको लागि निबन्ध लेखनको आवश्यकता पर्दछ। यहाँ दाङ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययनबाट निम्न लिखित निष्कर्ष निकालिएको छ :

- विद्यार्थीहरुमा निबन्ध लेखन क्षमताको विकास गराउने क्रममा विद्यालयमा निबन्ध लेखनको अभ्यास नगराएको देखिन्छ।
- निबन्ध लेखनका क्रममा विद्यार्थीहरुमा निबन्ध लेखनका विधि र प्रक्रियाबारे राम्रो जानकारी नभएको देखिएको।
- निबन्ध लेखनका क्रममा विद्यार्थीहरुले प्रयोग गरेको भाषा शैली ठिकै भए तापनि भाषिक शुद्धतामा भने कमजोरी देखियो।
- संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयको पठन पाठन त्यति प्रभावकारी नरहेको पाइयो।
- विद्यालयमा हुने अतिरिक्त क्रियाकलापका रूपमा निबन्ध लेखनलाई नसमेटिएको पाइयो।
- कक्षा नौमा अध्ययनरत समग्र विद्यार्थीहरुको निबन्ध लेखन क्षमता सन्तोषजनक नै देखिन्छ। विद्यार्थीहरुमा स्वतन्त्र निबन्ध लेखनको तुलनामा निर्देशित निबन्ध लेखनको क्षमता उच्च देखिन्छ।

निबन्ध लेखनका क्रममा विद्यार्थीहरुको भाषा शैली ठिकै भए पनि भाषिक शुद्धतामा भने कमजोरी देखिन्छ :

- समग्रताका आधारमा विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको मूल्याङ्कन गर्दा विद्यार्थीहरुले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ४४.४९ रहेको छ। मध्यमान भन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५३ अर्थात् ५३ प्रतिशत र मध्यमान भन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ४७ अर्थात् ४७ प्रतिशत रहेको छ।
- लैङ्गिकताका आधारमा हेर्दा छात्रा विद्यार्थीहरुले प्राप्त गरेको मध्यमान ४४.७ र छात्र विद्यार्थीहरुले प्राप्त गरेको मध्यमान ४३.२६ रहेको छ। मध्यमान भन्दा बढी अङ्क ल्याउने छात्रहरुको सङ्ख्या २९ अर्थात् ५८ प्रतिशत र मध्यमानभन्दा कम

अङ्क ल्याउने छात्रहरुको सङ्ख्या २१ अर्थात् ४२ प्रतिशत देखिन्छ । त्यसै गरी मध्यमान भन्दा बढी अङ्क ल्याउने छात्राको सङ्ख्या २५ अर्थात् ५० प्रतिशत र मध्यमान भन्दा कम अङ्क ल्याउने छात्राको सङ्ख्या २५ अर्थात् ५० प्रतिशत नै रहेको छ । प्रस्तुत तथ्याङ्कका आधारमा छात्राहरुको तुलनामा छात्रहरुको निबन्ध लेखन क्षमता राम्रो देखिन्छ ।

- त्यसै गरी विद्यालय प्रकृतिका आधारमा हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरुले प्राप्त गरेको मध्यमान ४५.०६ रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरुले प्राप्त गरेको मध्यमान ४२.९ रहेको छ । मध्यमान भन्दा बढी अङ्क ल्याउने सामुदायिक विद्यालयका विद्यार्थीको सङ्ख्या २८ अर्थात् ५६ प्रतिशत र मध्यमान भन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २२ अर्थात् ४४ प्रतिशत रहेको छ । त्यसै गरी मध्यमान भन्दा बढी अङ्क ल्याउने संस्थागत विद्यालयका विद्यार्थीहरुको सङ्ख्या २९ अर्थात् ५८ प्रतिशत, मध्यमान भन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २१ अर्थात् ४२ प्रतिशत देखिन्छ । अतः माथिको नतिजाका आधारमा सामुदायिक विद्यालय भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन क्षमता उच्च देखिन्छ ।

यसरी सम्पूर्ण कुराहरुलाई केलाएर हेर्दा दाङ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमतामा एकरूपता पाइँदैन । त्यसैले विद्यार्थीहरुमा लेखन सिपको विकास गराउनुका साथै सिर्जनात्मक क्षमताको विकास गराउनको लागि विद्यालयमा निबन्ध लेखनको अभ्यास गराउनु पर्ने देखिन्छ ।

## ७.३ उपयोगिता

लेखन कलाको समुचित विकास गर्न, शब्द भण्डार क्षमताको विकास गर्न र सिर्जनात्मक क्षमताको विकास गराउनको लागि निबन्ध लेखनको उच्च स्थान रहेको छ । लिखित अभिव्यक्ति दिने व्यक्तिका लेखोटमा देखापर्ने शब्द प्रयोगगत, वाक्य संरचनागत, विचार सङ्गठन वा प्रस्तुतीकरण र सफाइगत त्रुटिहरु क्रमशः कम गर्दै लगेर तिनीहरुको निराकरण अभिव्यक्तिलाई स्तरीय बनाउनको लागि विद्यार्थीहरुमा निबन्ध लेखन गराउनु अति उपयोगी ठहरिन्छ ।

समग्रमा निबन्ध लेखनको उपयोगितालाई नीतिगत उपयोगिता र तहगत उपयोगिता गरी तल प्रस्तुत गरिएको छ :

### ७.३.१ नीतिगत तह

प्रस्तुत शोधको नीतिगत उपयोगितालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- प्रस्तुत शोधको अध्ययनबाट माध्यमिक तहको भाषा पाठ्यक्रममा समावेश गरिने भाषिक सिपका उद्देश्य पुरा हुने गरी विधागत छनोट तथा क्षेत्र निर्धारण गर्न सहयोग पुऱ्याउने छ ।
- यस अध्ययनले निबन्ध लेखन क्षमतासँग सम्बन्धित अन्य लेखन क्षमताको अध्ययन अनुसन्धान गर्न सहयोग पुऱ्याउने छ ।
- नेपाली भाषा पाठ्यक्रम निर्माण गर्दा परिष्कार र परिमार्जन गर्न सहयोग पुऱ्याउने छ ।
- आउँदा दिनहरुमा निबन्ध लेखन सम्बन्धी अध्ययन अनुसन्धान गर्न सहयोग मिल्ने छ ।
- निबन्ध लेखनका विधि र प्रक्रियाबारे जानकारी गराउने छ ।
- अभ्यास खण्डमा सिर्जनात्मक अभ्यासको महत्त्व झल्काउने छ ।
- दाङ जिल्लाका विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको पहिचान गर्न सहयोग पुग्ने छ ।

### ७.३.२ प्रयोगगत तह

प्रस्तुत शोधको प्रयोगगत तहका उपयोगितालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- शिक्षकलाई पेसागत रूपमा सक्षम बनाई विद्यार्थीहरुलाई पृष्ठ पोषण दिन,
- विद्यार्थीको स्तर, क्षमता, उमेर, आवश्यकता अनुसार लेखन क्षमताको विकास गर्न,
- निबन्ध लेखनका लागि आवश्यक पर्ने शिक्षण विधि र प्रक्रियाको छनोट गर्न,
- लेखन सिपका सम्बन्धमा देखिएका कमजोरीहरु निराकरणका लागि आवश्यक सुझाव दिन,

- विद्यार्थीहरुमा लेखन सिपको विकास गर्नका लागि विद्यालय तहमा हुने अतिरिक्त क्रियाकलापका रूपमा निबन्धलाई समेट्न ।
- निबन्ध लेखन र निबन्ध शिक्षणको आवश्यकता र महत्त्वबारे जानकारी प्रदान गर्न ।

## ७.४ सुझावहरु

प्रस्तुत अध्ययनको निष्कर्षका क्रममा प्राप्त अनुभवका आधारमा निबन्ध लेखन क्षमताको विकासका लागि निम्नानुसारका सुझावहरु उल्लेख गर्न सकिन्छ :

- विद्यार्थीहरुलाई निबन्ध लेखनमा सबल बनाउनको लागि प्राथमिक तहदेखि नै निबन्ध विधालाई मात्र शिक्षण नगरी लेखन शिक्षणलाई पनि विशेष जोड दिने खालका पाठ्य पुस्तक छनोट र स्तरण गरिनु पर्दछ ।
- प्रारम्भिक तहदेखि नै लेखन कला सुधारका लागि विद्यार्थीहरुको तह, रुचि र स्तर सुहाउँदा विषयमा निबन्ध लेखन अभ्यासका लागि भाषा पाठ्य पुस्तकको अभ्यास खण्डमा लेखाइ सिपलाई विशेष रूपमा समावेश गरिनु पर्दछ ।
- आवश्यक शैक्षिक योग्यता पुगेका तालिम प्राप्त शिक्षकबाट मात्र नेपाली विषय पठन पाठन गराउनु पर्दछ ।
- विद्यार्थीहरुलाई केवल भाषा पाठ्य पुस्तकमा मात्र केन्द्रित नगराई समय, परिस्थिति र सन्दर्भ अनुकूलका सामग्रीहरु जस्तैः विभिन्न पत्र पत्रिका, लेख रचना, विभिन्न सन्दर्भ सामग्रीहरु, सहायक पाठ्य पुस्तक पनि उपलब्ध गराउनु पर्दछ ।
- विद्यालयमा रहेका विषय शिक्षकहरुले विद्यार्थीहरुमा निबन्ध लेखन क्षमताको अभिवृद्धिका लागि विभिन्न शीर्षकहरु दिई निबन्ध लेखनको अभ्यास गराउनु पर्छ ।
- विद्यार्थीहरुलाई स्वतन्त्र निबन्ध लेखन गराउनु भन्दा अगाडि कुनै एउटा शीर्षक र त्यस शीर्षकसँग सम्बन्धित बुँदाहरु दिई निर्देशित निबन्ध लेखनको अभ्यास गराउनु पर्दछ ।
- विद्यार्थीहरुमा निबन्ध लेखनको आवश्यकता र प्रयोजनबारे स्पष्ट पारिदिनु पर्दछ ।

- विद्यालय स्तरमा अतिरिक्त क्रियाकलापका रूपमा विद्यालय स्तरीय निबन्ध लेखन प्रतियोगिता गराई निबन्ध लेखन क्षमताको विकास  गराउनु पर्दछ ।
- निबन्ध विधाको सैद्धान्तिक परिचयलाई समेत भाषा पाठ्य पुस्तकमा समावेश गर्दै निबन्ध लेखनका विधि, प्रक्रिया र तरिका समेत शिक्षण गर्नु पर्दछ ।
- भाषा पाठ्य पुस्तकमा लिखित अभिव्यक्तिमा अभ्यास हुने खालका नमुना अभ्यास राख्नु पर्दछ ।

निबन्ध लेखनका सन्दर्भमा विद्यार्थीहरुलाई शुद्ध लेखन गराउनका लागि विद्यार्थी केन्द्रित शिक्षण विधि अपनाउनु पर्दछ । शुद्धता र स्पष्टतामा जोड दिएर विद्यार्थीको रुचि र आवश्यकता अनुसारको विधि प्रयोग गर्नु पर्दछ । पाठ्यक्रम, पाठ्य पुस्तक, समय परिस्थिति स्थान अवस्था अनुसार व्यवस्थित रूपमा परिष्कार तथा परिमार्जन गर्न आवश्यक देखिन्छ ।

## ७.५ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरु

- कक्षा चार पुरा गरेका विद्यार्थीहरुको चित्र वर्णन क्षमताको अध्ययन
- कक्षा पाँच उत्तीर्ण  गरेका विद्यार्थीहरुको श्रुति लेखन क्षमताको अध्ययन
- कक्षा सात उत्तीर्ण गरेका विद्यार्थीहरुको अनुलेखन क्षमताको अध्ययन
- कक्षा छमा अध्ययनरत विद्यार्थीहरुको अनुभव वर्णन क्षमताको अध्ययन
- कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको लेख्य चिह्न प्रयोग क्षमताको अध्ययन
- कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको वाक्य गठन क्षमताको अध्ययन
- कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन
- कक्षा दश पुरा गरेका विद्यार्थीहरुको लिखित अभिव्यक्ति क्षमताको अध्ययन
- कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको सारांश लेखन क्षमताको अध्ययन

# सन्दर्भ सूची


अधिकारी, हेमाङ्ग राज (२०५३), **नेपाली भाषा शिक्षण,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

**आधारभूत शिक्षा पाठ्यक्रम** (२०६९), नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

ओझा, रामनाथ (२०७१), **आधुनिक नेपाली निबन्ध र समालोचना,** काठमाडौँ : पाठशाला पबिलकेसन प्रा.लि. ।

खनाल, दिपा (२०६९), **दाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन,** शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

गौतम, पवित्रा (२०६७), **कक्षा बाह्रमा अध्ययनरत विद्यार्थीहरुको सारांश लेखन क्षमताको अध्ययन,** शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

घिमिरे, तुलसी राम (२०६६), **काठमाडौँ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन,** शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

जोशी, सरिता कुमारी (२०७२), **बझाङ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको कथा लेखन क्षमताको अध्ययन,** शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

डाँगी, सुरेन्द्र (२०७१), **सल्यान जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन,** शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

ढकाल, लेखनाथ (२०७२), **महोत्तरी जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन,** शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

ढकाल, शान्ति प्रसाद (२०६६), **नेपाली भाषा शिक्षण : परिचय र प्रयोग,** काठमाडौँ : शुभकामना प्रकाशन ।

तिम्सिना, अशोक (२०७०), **इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको प्रश्नोत्तर लेखन क्षमताको अध्ययन,** शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

दौत्याल, रण बहादुर (२०६४), **कञ्चनपुर जिल्लाका कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन,** शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

निरौला, दीपक बाबु (२०६२), **कक्षा नौ पुरा गरेका विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन,** शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

निरौला, हरि प्रसाद र न्यौपाने, महेन्द्र (२०७३), **शिक्षक सेवा आयोग नेपाली,** काठमाडौँ : दीपमाला पब्लिकेसन प्रा.लि. ।

पौडेल, टङ्क राज (२०६९), **पर्वत जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन,** शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

पौडेल, दुर्गा देवी (२०६५), **गोरखा जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन,** शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

पौडेल, माधव प्रसाद (२०७०), **भाषिक विधा शिक्षण,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, रामप्रसाद (२०६८), **भाषिक अनुसन्धान विधि,** काठमाडौँ : शुभकामना प्रकाशन ।

भण्डारी, पारसमणि र अन्य (२०६७), **नेपाली गद्य र नाटक,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, द्वारिका (२०६३), **कक्षा आठ पुरा गरेका विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन,** शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

भण्डारी, मित्र लाल (२०६९), **कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन,** शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

**माध्यमिक शिक्षा पाठ्यक्रम** (२०६४), नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

लौडरी, कृष्ण कुमारी (२०७१), **तनहुँ जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन,** शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

विष्ट, कमल बहादुर (२०६७), **कक्षा छमा अध्ययनरत विद्यार्थीहरुको चिठी लेखन क्षमताको अध्ययन,** शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

शर्मा, केदार प्रसाद र पौडेल, माधव प्रसाद (२०६८), **नेपाली भाषा र साहित्य शिक्षण,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।